# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ६ अङ्क ४१ पूर्णाङ्क २७९ | २०७९ वैशाख ५ गते सोमबार | Monday, 18 April, 2022 | पृष्ठ ८ | मूल्य रू. १०।–


## टेकबहादुर तमुलाई पार्टीको साधारण सदस्य समेत नरहने गरी अनुशासनको कारबाही

पोखरा । नेकपा (क्रान्तिकारी माओवादी) ४ नं. प्रदेश सचिव केशबहादुर परियारव्दारा टेक वहादुर तमुलाई पार्टीको साधारण सदस्य समेत नरहने गरी अनुशासनको कार्बाही गरेको निम्न प्रेस विज्ञप्ति प्रकाशित गरी जानकारी दिनु भएको छ ?




# सुकुम्बासीहरूको 'नो लालपुर्जा, नो भोट' अभियान

काठमाडौं । सँधै भोट बैंकको रूपमा प्रयोग गर्दै आएका संसदवादी दलहरूले स्थानीय तहको निर्वाचन नजिकिँदै गर्दा सुकुम्बासीहरूलाई फेरि लालपुर्जा लगायत विभिन्न प्रलोभन बाँड्न सुरु गरेका छन् । चितवनमा त माओवादी केन्द्रको अगुवाइमा लालपुर्जा नै वितरण गरिएको छ । देशैभरका सुकुम्बासी बस्तीका भोट आफ्नो पक्षमा तान्न यतिबेला संसदवादी दलहरू विभिन्न आश्वासन र प्रलोभन लिएर सुकुम्बासी बस्ती बस्तीमा पुगिरहेका छन् । तर पटक पटक ठगिएका सुकुम्बासीहरू भने अहिले देशव्यापी रूपमा 'नो लालपुर्जा नो भोट'को आन्दोलन सञ्चालन गरिरहेका छन् । सबै राजनीतिक पार्टी निकट सुकुम्बासी संगठनहरूको साझा मोर्चाको रूपमा रहेको संयुक्त राष्ट्रिय सुकुम्बासी मोर्चाको नेतृत्वमा देशव्यापी रूपमा आन्दोलन भइरहेको छ । मोर्चाले केही समय पहिले नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य किरणलाई पार्टी कार्यालय कुपण्डोलमा भेटेर ज्ञापन पत्र बुझाउँदै आन्दोलनप्रतिको समर्थन र ऐक्यवद्धता मागेका थिए । ज्ञापन पत्र बुझ्दै महासचिव किरणले सुकुम्बासीहरूले आफ्नो अधिकारको लागि गर्ने हरेक आन्दोलनमा क्रान्तिकारी माओवादीको ऐक्यबद्धता, सहयोग र समर्थन रहने बताउनु भएको थियो ।

सरकारको तथ्यांक अनुसार नेपालमा कुल मतदाता १ करोड ७७ लाख ३३ हजार ७ सय ३० जनामध्ये ४० लाख मतदाता लालपुर्जा विहीन सुकुम्बासी मतदाता रहेका छन् । संयुक्त राष्ट्रिय सुकुम्बासी मोर्चाका केन्द्रीय अध्यक्ष कुमार कार्कीका अनुसार सुकुम्बासीको १२ लाख घरसंख्या छ भनेर सरकारले नै आफ्नो तथ्यांकमा उल्लेख गरेको छ । यो अंकगणित मान्ने हो भने ती ४० लाख लालपुर्जा विहीन सुकुम्बासी मतदाताहरू ७ सय ५३ स्थानीय तहमध्ये अधिकांशमा छरिएर रहेका छन् । स्थानीय तहमा सुकुम्बासी मतदाता निर्णायक देखिएकोले सुकुम्बासी बस्तीहरूमा संसदवादी दलहरूको दौडधुप चलिरहेको छ ।

०१३ सालदेखि ने विभिन्न नाममा सुकुम्बासी समाधानका लागि २४ वटा आयोग बनाइए । पछिल्लो समयमा राष्ट्रिय भूमि आयोग बनेको छ । तर ती आयोगले हालसम्म सुकुम्बासीलाई भ्रम छेरे राजनीतिक अभिष्ट पूरा गर्ने काम बाहेक केही नगरेकाले अध्यक्ष कार्कीको भनाइ छ । तर अब आफूहरू उधारोमा दल र उम्मेदवारलाई भोट नदिने निष्कर्ष र अडानमा रहेको उनको भनाइ छ । पञ्चायतकालदेखि गणतन्त्रसम्म राजनीतिक दलका घोषणापत्र र प्रतिबद्धतामा सुकुम्बासीलाई लालपुर्जा वितरण गर्ने भने पनि कहिलै पूरा नगरेपछि यसपटक 'नो लालपुर्जा नो भोट' आन्दोलन/अभियान तीव्र बनाइएको पनि उनले बताए ।

०४६ सालयता मात्र २९ जना प्रधानमन्त्री भए तर यसबीचमा २९ जना सुकुम्बासीले पनि लालपुर्जा पाएका छैनन् । नेपालमा प्रधानमन्त्री, मन्त्री र सांसददेखि मेयर, उपमेयर, गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष सबैले तिनै सुकुम्बासीको मत पाएर पद र कुर्सी पाएका हुन् । नीति निर्माण तहमा पुगेका नेता मन्त्रीहरूले सुकुम्बासी समस्या समाधान गर्नेतिर कहिलै ध्यान दिएनन् । केवल भोट ब्यांकको रूपमा मात्र दुरूपयोग गरे ।

०२६ सालमा सरकारले नेपाल पुनर्बास मार्फत् 'जमिन जोत्नेको घर पोत्नेको' नारा दिएर सुकुम्बासीलाई जग्गा वितरण गर्ने भनिएको थियो । तर सरकारले गठन गरेको पुनर्बास कम्पनीले सुकुम्बासीलाई जग्गा र लालपुर्जा नदिएर पहुँच भएकाहरूलाई मात्र हजारौं बिघा जमिन वितरण गरेको भन्दै आलोचना हुने गरेको छ । सोही नाराकै आधारमा सुकुम्बासीकै भोट पाएर कांग्रेस र कम्युनिस्टले सत्ता र सरकार चलाए । तर हालसम्म नारालाई व्यवहारमा लागू नगर्दा समस्या ज्यूँका त्यूँ रहेको अखिल नेपाल क्रान्तिकारी सुकुम्बासी संघका नेताहरू बताउँछन् । भूमिको राष्ट्रियकरण नभएसम्म सुमुम्बासी बाँकी ४ पेजमा

## बाग्लुङमा क्रान्तिकारी माओवादीको गाउँपालिका स्तरीय बैठक र प्रशिक्षण कार्यक्रम सम्पन्न



बाग्लुङ । नेकपा (क्रान्तिकारी मओवादी) ताराखोला गाउपालिका समितिको बिशेष बैठक र प्रशिक्षण कार्यक्रम चैत २९ र ३० गते वडा नम्बर १ भुस्कातमा सम्पन्न भएको छ । गाउपालिका समितिका अध्यक्ष क. गगा प्रसाद गुरुङको अध्यक्षता र युवा लिगका सचिब छम बिकको संचालनमा सम्पन्न उक्त बैठक तथा प्रशिक्षण कार्यक्रमका प्रमुख अतिथि नेकपा (क्रान्तिकारी माओवादी) केन्द्रिय सल्लाहकार समतिका अध्यक्ष प्रा.डा. ओम गुरुङले वर्तमान राष्ट्रिय राजनीति र अन्तरास्ट्रिय परिस्थितिबारे प्रशिक्षण दिनु भयो । साथै उहाँले दलाल संसदीय व्यवस्था र प्रतिक्रियावादी राज्य सरकारले घोषणा गरेको बैशाख ३० गतेको स्थानीय तहको निर्बाचनलाइ नेकपा (क्रान्तिकारी माओवादी) ले बहिस्कार गर्ने निर्णय गर्नुको कारण र औचित्य बारे बैठक तथा प्रशिक्षण कार्यक्रमा सहभागी बाँकी ४ पेजमा

## मोरङमा प्रतिक्रियावादी निर्वाचन बहिष्कारका पोष्टर टाँस्दै क्रान्तिकारी माओवादी



❑ अप्सरा बानियाँ

मोरङ । नेकपा (क्रान्तिकारी माओवादी)ले निर्वाचन बहिस्कारको कार्यक्रमलाई तीब्ररूपमा प्रचार गरिरहेको छ । पूर्णरूपमा असफल भैसकेको संसदीय व्यवस्थालाई जोगाउनका लागि नागरिकलाई बेवकुफ बनाउने कथित स्थानीय तहको निर्वाचनको बहिष्कारमा उत्रिएको क्रान्तिकारी माओवादीले प्रचारप्रसार अभियानलाई तीब्रता दिएको हो । जनवादी राज्यसत्ता स्थापनाका लागि निरन्तर सडक आन्दोलनमा रहेको क्रान्तिकारी माओवादीले बाँकी ७ पेजमा

## टोखा, तारकेश्वर र बुढानिलकण्ठ क्षेत्रमा स्थानीय निर्वाचनको नेकपा(क्रान्तिकारी माओवादी)द्वारा संयुक्त बहिष्कार अभियान

काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) टोखा, तारकेश्वर र बुढानिलकण्ठ नगर पालिकाको प्रतिक्रियावादी स्थानीय निर्वाचनको संयुक्त बहिष्कार अभियानको आज तीनवटै नगर पालिकाको संयुक्त अभियानका संयोजक कमरेड प्रवीणले बसुन्धारामा उद्धाटन गरेर शुभारम्भ गर्नु भयो ।



उक्त संयुक्त बहिष्कार अभियाका कमाण्डर कमरेड रीणाको विशेष उपस्थितिमा सम्पन्न उद्धाटन गर्दै प्रवीणले भन्नू भयो , " हाम्रो गौरवशाली पार्टी नेपाल कम्युनिस्ट पार्टी ( क्रान्तिकारी माओवादी ) को गत फागुन २५ देखि २९ सम्म बसेको केन्द्रीय समितिको बैठकले प्रतिक्रियावादी स्थानीय निर्वाचनको शसक्त रूपमा बहिष्कार गर्ने निर्णय बमोजिम पार्टीले यस कथित स्थानीय निर्वाचन बहिष्कार अभियानलाई आजैदेखि यी तीनवटै नगर पार्टीकाहरूका प्रत्येक वडाहरूमा , टोल टोल र गल्ती गल्लीहरूमा व्यापक रूपमा अभियान चलाउने , नगरहरूका आम मतदाताहरूमा पार्टी केन्द्रका पर्चाहरू बितरण गर्ने , व्यापक रूपमा पोष्टरहरू टाँस्ने , वालपेन्टिङ्ग गर्ने , सबै नगर पालिकाहरूका महत्वपूर्ण स्थानहरूमा कोण सभा , विरोध सभाहरू गर्ने , विशेष गरी संसदीय व्यवस्थाको व्यापक रूपमा भण्डाफोर गर्ने र महान् नयाँ नेपाली जनवादी क्रान्तिको तयारी गर्ने हाम्रो पार्टीको कार्यनीतिक तथा सामरिक कार्यदिशालाई सशक्त रूपमा अगाडि बढाउने गरि प्रतिक्रियावादी स्थानीय निर्वाचन बहिष्कार अभियानलाई उपयोग गर्ने गरी यस अभियानलाई सशक्त ढंगले अगाडि बढाइनेछ" भन्नुभएको थियो ।

उक्त बहिष्कार अभियान उद्धाटन कार्यक्रममा तीनवटै नगर पालिकाका अगुवा कमरेड र ठूलो संख्यामा जनताको उपस्थिति रहेको टोखा सम्वाददाताले जानकारी गराउनु भएको छ ।

## 'यस पटक भोट होइन चोट दिनुपर्छ'

### क्रान्तिकारी माओवादी सुनवल नगर समितिको निर्ष्कष

❑ लक्ष्मी घिमिरे

नवलपरासी । नेकपा(क्रान्तिकारी माओवादी) सुनवल नगर समितिले स्थानीय निर्वाचन बहिष्कार गर्न सबैलाई आब्हान गरेको छ ।

सो पार्टीको सोमवार सुनवल-७ अस्नैयामा बसेको सुनवल नगर समितिको बैठकले स्थानीय तहमा संस्थागत भष्ट्राचारको बृद्धि भएको र राष्ट्रघाती एमसीसी पारित गरिएकोले चुनावको औचित्य नभएको भन्दै चुनाव बहिस्कार गर्न आब्हान गरिएको हो ।

मौलाउदै गएको भष्ट्रचार, बिकृति बिसंगति, बलात्कार, महंगी एंव संसदवादीहरूले अमेरिकी साम्राज्यवादी हस्तक्षेपलाई बढावा दिदै एमसीसी पास गरेर राष्ट्रघात गरेकाले वर्तमान समयमा चुनावको औचित्य नभएकोले नगर सेक्रेटरी श्यामले जानकारी दिनुभयो ।



उहाँका अनुसार चुनावलाई सशक्त बहिष्कार गर्ने योजना क्रान्तिकारी माओवादीको रहेको छ। उहाँले पटक पटक संसदवादीहरूले गरिब, बिपन्न, सुकुम्बासी, भुमिहिन, आधारभुतवर्गका जनतालाई बिभिन्न प्रलोभन दिएर भोट बैकका रूपमा प्रयोग गरेकोले यसपटक भोट होइन चोट दिनुपर्ने बताउनुभयो।

बैठकमा क्रान्तिकारी माओवादीका केन्द्रीय सल्लाहकार एंव जिल्ला ईञ्चार्ज संकल्पले राष्ट्रघात, जनघात गर्ने संसदवादीहरूलाई भोट दिन नहुने उल्लेख गर्दै चुनाव बहिस्कारको आन्दोलनमा लाग्न नेता कार्यकर्तालाई निर्देशन दिनुभयो । गाउँ गाउँमा चुनावी किरो पसेर गाउँमा झुक्याउन लागेको भन्दै त्यस्तालाई बाँकी ७ पेजमा

## नेकपा (क्रान्तिकारी माओवादी) आवद्ध क्रान्तिकारी युवा लिग नेपाल कर्णाली प्रदेशको आयोजनामा पुनर्मिलन कार्यक्रम सम्पन्न



सूर्खेत । नेकपा (क्रान्तिकारी माओवादी) आवद्ध क्रान्तिकारी युवा लिग नेपाल कर्णालि प्रदेशको आयोजनामा विभिन्न माओवाद घटकमा विभाजित कमरेडहरूलाई गोल वन्द गर्न आयोजित पुनर्मिलन कार्यक्रममा नेकपा, नेकपा र माओवादी केन्द्र, लगाएत पार्टीका विकास विष्ट कैलालि, दिपक शाही सुर्खेत, चन्द्र विक्रम शाही जाजरकोट, एल जि मगर वाँके, धनमान हमाल कालिकोट, कविराम रोकाया रुकुम पश्चिम, दिवाकर सिंह जाजरकोट, प्रकाश थापा दैलेख, सविना सिंह कालिकोट, गगन सुनार सुर्खेत, मनोज कुमार राजि सुर्खेत, झलम वुचामगर सुर्खेत र मदनराज देवकोटा कालिकोट लगाएतका दर्जनौं कमरेडहरू एकताबद्ध हुनु भएको छ ।

उक्त कार्यक्रममा प्रतिबद्धता बाँकी ७ पेजमा

## पार्टीबाट निस्काशन र पार्टी परित्यागको कुरा

*हाम्रो पार्टी विधानअनुसार कुनै पनि व्यक्तिले पार्टी सदस्यता प्राप्त गर्दा 'पार्टीको गोपनियता भंग गर्ने छैन । पार्टीको एकतालाई वचाउनकोलागी दृढता पुर्वक उभिने छु ।' भनेर सपथ खानु पर्छ र खान्छ । पार्टीप्रति इमान्दार सदस्यहरुले आफूले खाएको सपथलाई दृढतापूर्वक लागु गर्न प्रयत्नसिल रहन्छन् । केन्द्रीय सदस्यहरुले त त्यसलाई कैयौं उचाइबाट लागु गर्नु पर्ने हुन्छ । तर का. कृष्ण गुरूङले केन्द्रीय सदस्य भएर पनि पार्टीको गोपनीयता बचाउने, पार्टी एकतालाई सुदृढ पार्न लाग्ने होइन कि पार्टीलाई फुटाएर अर्को पार्टीमा लैजान कसरत गरेपछि त्यस प्रकारका व्यक्तिलाई पार्टीबाट निस्काशन नगरेर के गर्ने ?*



● रामसिंह श्रीस ●

नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) ले वि.स. २०७८ साल चैत्र २१ गतेका दिन केन्द्रीय सदस्य का.कृष्ण गुरुङ (का.आस्मान) लाई पार्टीको साधारण सदस्य समेतवाट निस्काशन गरेको वक्तव्य प्रकाशित भयो । त्यसको ३ दिन पछि २३ गतेको मिति राखेर २४ गतेका दिन पि.वि.एम का.नगेन्द्र राई , सि.सि.एम का.निल वहादुर पुन र का.कुमार बोगटीले संयुक्त वक्तव्यमार्फत पार्टी परित्याग गरेको कुरा सामाजिक संजालमा राख्नुभयो । त्यसको भोली पल्ट २५ गतेका दिन नेकपा (क्रान्तिकारी माओवादी) को स्थायी समितिले का. नगेन्द्र राई, का. निल बहादुर पुन र का. कुमार वोगटीलाई पार्टीको साधारण सदस्यता र सवै जिम्मेवारीबाट हटाएको कुरा महासचिव का. किरणको वक्तव्यबाट सार्वजनिक गरियो । उहाँहरूले 'नेतृत्वले कुनै विधि विधान र पद्धतिको अवलम्वन नगरी कार्यकर्तामाथि सामन्तवादी सैलीले कार्वाहीको डण्डा वर्षाएको' आरोप लगाउनु भएको छ । कतिपय साथीहरूले त विधान विपरित कार्वाही गरेको भन्ने आरोप समेत लगाएका छन् । यो संक्षिप्त लेख मार्फत यो विषयलाई प्रस्ट पार्न प्रयत्न गरिएको छ ।

गत फाल्गुनको अन्तिम हप्ता बसेको केन्द्रीय समितिको वैठक भन्दा दुई तीन महिना पहिले एक दिन विहान ७ नम्वर प्रदेश(सुदुर बाँकी ७ पेजमा

## सम्पादकीय

### जनघाती-राष्ट्रघाती दलालहरुलाई चोख्याउने चुनाव

अमेरिकाको साम्राज्यवादी मिसनमा आधारित एमसीसी जस्तो राष्ट्रघाती सम्झौता सदनबाट पास गर्न संसदवादी दलहरु खासगरी कांग्रेस, एमाले, माओवादी केन्द्र, जसपा, लोसपा लगायतका दलहरुले भूमिका खेले । अमेरिकी साम्राज्यवादको नाङ्गो दलाली गर्दै उनीहरुले नेपालको स्वाधीनता, सार्वभौमिकता र क्षेत्रीय अखण्डतामा गम्भीर खतरा उत्पन्न हुने काम गरे । केही समयपछि यसको असर सघन रुपमा देखिने र भावी पुस्ताले यसको ठूलो मूल्य चुकाउनुपर्ने स्थिति आउने निश्चित छ । एमसीसीमा र भारतीय सीमा अतिक्रमणमा राष्ट्रघात गर्नेहरुमा पनि यिनै दल र तिनका नेताहरुको प्रमुख भूमिका छ । यिनै दल र यिनका नेता कार्यकर्ताहरुले राज्यको ढिकुटीमा ब्रम्हलुट मच्चाएका छन् । भ्रष्टाचारीको रुपमा बद्नाम भएका छन् । यो वा त्यो नाममा संसदीय चुनावबाट फेरि तिनै जनघाती र राष्ट्रघाती तत्वहरु जनताको जनमत दिएर अनुमोदित हुने र अहिलेको भन्दा ठूलो जनघात र राष्ट्रघात गर्न लाइसेन्स प्राप्त हुने भन्दा बाहेक अरु केही हुँदैन ।

चुनावमा पैसाको खोलो बगाएर, मतदातालाई विभिन्न प्रलोभन तथा डरधम्की दिएर आफ्नो पक्षमा चुनावी परिणाम पार्न कुनै कसर बाँकी राख्दैनन् संसदवादी दलका नेता कार्यकर्ताहरुले । राज्य शक्ति र स्रोतसाधनको चरम दुरुपयोग गरेर गरिने र जितिने चुनावको सम्पूर्ण व्ययभार महंगी र चर्को कर जनतामाथि नै थोपरेर जनता लुट्ने र आफूले देश र जनताका विरुद्ध जतिसुकै अक्षम्य अपराध गरेको भए पनि चोखिखने प्रपञ्चबाहेक यो चुनाव आम श्रमजीवी जनताको लागि केही हुन सक्दैन ।

'चुनाव प्रणाली नै घातक भयो, २०-३० करोड खर्च नगरी जित्न नसकिने । पहिला, टिकट पाउनै पैसा खर्च गर्नुपर्छ । होइन भने नेताको आफन्त हुनुपऱ्यो । अन्यथा टिकट नै नपाइने । टिकट पाएपछि चुनाव जित्नै गाह्रो । ठूलो घराना, ठूला उद्योगपतिबाट पैसा लिनुपर्ने । त्यो पनि २०-३० लाख होइन, त्योभन्दा धेरै । चुनावमा उसले सहयोग गरेपछि, जितेर फर्केपछि उसको अगाडि उभिँदा हाम्रो मार्क्सवाद त्यहीं सकिन्छ । परिस्थिति यति डरलाग्दो छ कि मैले चुनाव लड्दा गरेको खर्च अहिले कसैले दिने हो भने यो पदै दिइहालौं जस्तो लाग्छ । यस्तो खालको प्रणालीले हामीलाई कहाँ पुऱ्याउँछ ?' माओवादी केन्द्रका नेता राम कार्कीको मात्र होइन 'पहिलो चुनाव (२०६४) मा मेरो खर्च ८० हजार रुपैयाँ भएको थियो । दोस्रो चुनावमा ३ करोड र लास्ट चुनावमा ६ करोड... ल भन्नुस् त तपाईंहरू कोही मेरो क्षेत्रबाट चुनाव लड्न चाहनुहुन्छ ? म छोड्न तयार छु ।' भन्ने कांग्रेसका नेता शशांक कोइरालाको भनाइले संसदीय चुनावको चरित्र र यसबाट कस्ता मान्छे निर्वाचित हुन्छन् भन्ने कुरा स्पष्ट हुन्छ ।

एक अध्ययनअनुसार जसले बढी पैसा खर्च गरेको छ, उसैले जितेको छ, यस्तो प्रवृत्ति प्रादेशिक चुनावमा पनि देखिन्छ । उक्त प्रतिवेदनका अनुसार प्रदेशसभाका विजयी सांसदले औसतमा १.२५ करोड खर्च गरेका थिए भने उपविजेताले १.१७ करोड र अन्य उम्मेदवारले औसतमा ७१ लाख । यसले निर्वाचनको परिणाम धनाढ्यहरूको कब्जामा पर्न सक्ने र उनीहरूले राजनीतिक निर्णय प्रक्रियामा हस्तक्षेप गर्न सक्ने देखाउँछ, । अर्थविद् विनोद सिजापती महँगो चुनावले प्रजातन्त्रलाई नै पैसावालको कब्जामा पुऱ्याउने जोखिम बढाएको बताएका छन् ।

शिक्षाविद् केदारभक्त माथेमाका अनुसार पैसाको बलमा जितेका व्यक्तिको प्रतिबद्धता र उत्तरदायित्व जनताप्रति हुँदैन । उसले आफूले खर्चिएको रकम उठाउन खोज्छ वा आफ्ना लागि खर्च गरिदिने स्वार्थ समूहलाई पोस्न खोज्छ । यसलाई नरोक्ने हो भने राजनीतिमा पैसा खर्च गर्न सक्ने व्यक्ति र समूहको मात्रै दबदबा रहन्छ । व्यापारीले मुनाफा कमाउने उद्देश्यले उम्मेदवारका लागि चुनावमा लगानी गरिदिएको हुन्छ । भोलि चुनाव जिते भने उनीहरूको बफादारिता व्यापारीप्रति हुन्छ ।

यी भनाइबाट पनि प्रष्ट हुन्छ कि नेपालको राजनीति आम श्रमजीवी जनताको हित गर्ने राजनीति छैन । त्यो राजनीतिक कमजोर भएर गएको छ । र, संसदीय चुनावबाट फेरि पनि तस्कर, माफिया, नबधनाढ्य, सम्भ्रान्त वर्ग, लुटिखाने, श्रमजीवी जनताको श्रम र पसिनामाथि शोषण गर्ने मुठ्ठीभर अभिजात वर्ग नै शासनसत्ताको मालिक हुने र देश जनतालाई लुटने भन्दा अरु केही हुन सक्दैन । तसर्थ, सचेत श्रमजीवी जनताका अगाडि यो निर्वाचन बहिस्कार गर्नुको विकल्प छैन । निर्वाचनमा सहभागि हुनु भनेको देशघाती र जनघातीहरुलाई आफ्नो अमूल्य मत दिएर चोख्याउनुभन्दा बाहेक अरु केही हुन सक्दैन । यस विषयमा सचेत जनताले गम्भीर भएर सोच्न जरुरी छ ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्नै र पढ्ने गरौं।
www.moolbato.com

# नेपालमा कृषिक्रान्ति र सशस्त्र जनविद्रोहको राजनीति:



● सीताराम तामाङ ●

*१) कृषिक्रान्तिको आवश्यकता किन पऱ्यो ?*

झट्ट हेर्दा के देखिन्छ भने किसानका युवा पुस्ताले कृषि कर्म गर्न चाहेनन्, किसानी अलपत्र पऱ्यो र उत्पादन घट्यो । हो, आज हिमाल, पहाड र तराईका गाउँ/देहातका युवा पुस्ता बाबु आमाले समातेका हलो, कुटो, कोदालो समात्न छोडेर इण्डिया, मलेशिया, खाडी मुलुक, कोरिया, आदि देशहरूमा बेचिरहेका छन् । सरकारी आँकडा बताउँछ कि यस्तो श्रमिकको संख्या (भारतमा बाहेक) तीस लाखको हाराहारीमा छ । यिनीहरूले पठाएको विप्रेशण (Remitance) नेपालको एक चौथाई भन्दा बढी (२९प्रतिशत) रहेको छ । राज्यको लागि नेपालको गरिबीको रेखामूनिको संख्या घटाउने यही मुख्य साधन भएको छ न की सरकारी कुनै रोजगारीको कार्यक्रम ! के यो मुलुकको लागि हितकारी कार्यत्रम हो ? पक्कै होइन ! होईन भने मुलुक यो दुखद स्थितिमा कसरी पुग्यो ? नेपालमा किसानको हक, हित, अधिकारको कुरो र कृषि विकाशको कुरो उठेको वि.स.२००७ साल (सन् १९५१) को राजनीतिक परिवर्तन पछिदेखि नै हो । नेपाली कांग्रेसले राणा शासनको विरुद्धको नेतृत्व गरेको थियो भने नेपालमा किसान आन्दोलनको नेतृत्व ने. क. पा.ले गरेको थियो । वि. स.२००७-२०१४ सम्म तराई र काठमाण्डौमा सामन्ति जमिनदारीका विरुद्ध ठूला-ठूला किसान आन्दोलन भए । आन्दोलनको दवावको कारण वि.स.२०१५को निवाचनपछि नेपाली काग्रेसको सरकारले विर्ता र राज्य रजौटालाई करको दायराभित्र ल्याउने कार्यत्रम ल्याएको थियो । तर नेपालमा वि.पि.कोईरालाले नेतृत्व गरेको पार्टी भारतीय राम मनोहर लोहिया ग्रुपको भाईचारा पार्टी थियो । त्यसै भएकोले नेपालमा काग्रेसको सरकार बनेको भारतीय सत्ताधारी नेहरू ग्रुपलाई सैह्य थिएन । लोहिया र नेहरू ग्रुपको वीचको टक्करको कारण नेहरूले राजालाई उक्साएर ९ष्लकतष्नबतष्लन० ने.का.को सरकारलाई अपदस्त गराए । कांग्रेसलाई निचा देखाउन राजाले टंक प्रसाद आचार्यको अगुवाईमा एउटा भुमिसुधार आयोग(२०१८) गठन गरे, र त्यसैले दिएको सुझावको (२०१९) आधारमा वि.स.२०२१ (सम्वत१९६४) मा भूमि सुधार कार्यक्रम लागु गरे । तर त्यो कार्यक्रम मोही सुधारको सामान्य कार्यक्रम भन्दा बढी थिएन । राजाले मुलुकको शासन हत्याए पछि देश राजनीतिक विवादमा तानियो । कृषि क्रान्तिको कुरा पछि पऱ्यो । त्यसवेलादेखि अहिलेसम्म ने.का. र वामपंथी पार्टीका दस्तावेजमा क्रान्तिकारी भूमि सुधार वा वैज्ञानिक भूमि सुधारका कुरा कुनै न कुनै रूपमा रहदैं आएका छन् । पञ्चायत ढलेपछि एउटा र राजतन्त्र ढले पछि दुई वटा भूमि सुधार आयोग वने, ती बुर्जुवा(राज्यले वनाएको) आयोग थिए तर ती पनि कार्यान्वयन हुन सकेनन् । अर्को तर्फ राज्यले वि. सं. २०१३ देखि यता धेरैवटा आवधिक योजनाहरू ल्याए तर तिनले पनि भूमि र कृषिमा सुधारको सट्टा विग्रने तर्फ नै बढि काम गऱ्यो । विदेशी योजना र सहयोगमा ल्याइएका कृषि सुधारका गलत कार्यक्रमले नै आज यो ठाँउमा किसानलाई ल्याईपुऱ्यायो । फलतः किसानका युवा छोरा छोरीले परम्परागत खेतीपाती छोडेर विदेशिनु परेको छ र त्यो क्रम जारी छ । नेपालका राजनीतिक पार्टीहरूले गर्ने किसान आन्दोलनका कुरा पनि तिनको दस्तावेजमा नै थन्किएका छन् । यी सबले गर्दा नेपालमा राज्यले गरेको कृषि र भूमि सुधारका कार्यक्रम असफल सिद्ध भएको छ । तसर्थ कृषिमा क्रान्ति गरी मुलुकलाई आत्मार्निभरताको दिशाामा लैजानु परेको हो ।

*२) युवाले कृषि कर्म छोडे*

गाउँ/ देहातमा काम गर्ने मानिस छैनन्, त्यसैले जमिन बाँजो बसेको छ । युवाहरू कामको खोजीमा विदेशिएका छन् । भारत, चीन र नेपाल हाराहारीमा विदेशी र सामन्ती चंगुलबाट स्वतन्त्रको दिशातर्फ अग्रसर भएका मुलुक हुन् । स्वतन्त्रता प्राप्ति पछिका दिनमा चीन र भारत औद्योगिक विकासतर्फ अघि लम्कियो । तिनीहरूले कृषिमा पनि तरक्की गरे । चीनमा क्रान्तिकारी भूमि व्यवस्थापनबाट कृषिमा सामुदायिकरण र आधुनिकीकरण गरियो भने भारतमा भूमि क्रान्ति हुन नसकेको भए पनि कृषि उत्पादन वृद्धिका लागि धेरै काम भएका छन् । तर नेपालमा बर्षेनी करीब ४ लाखको हिसाबले बजारमा आउने श्रमशक्तिको लागि नत औधोगिक वातावरण छ न त कृषिमा नै नयाँ तरक्की । मुलुक अझै राजनीतिक द्वन्द्वमा छ । अग्रगामी भन्दा यथास्थितिवादी शक्ति बलियो भएको स्थिति छ । यसको अर्थ दलाल -नोकरशाही पुँजी र सामन्ती तत्वको राज्य शक्तिमा हालीमुहाली बढ्नु नै हो । राजतन्त्रको अन्त्य (१) पछि दलाल नोकरशाही बलियो भएको छ भने सामन्तवादी तत्वहरू कमजोर वन्दै गएको छ । जँहा दलाल र नोकरशाही पुँजीले राज्यमा हालीमुहाली चलाउँछ पक्कै हो कि त्यहाँ औद्योगिक पुँजीवादको विकाशमा अवरोध हुन्छ । औद्योगीकरणले कृषिलाइ पनि आधुनीकरण र व्यावसायीकरण गर्न मद्दत गर्छ । सामन्ती व्यवस्थाको तुलनामा पुँजीवादले मुलुकको प्राकृतिक साधन, स्रोतको दोहन गर्ने देखि सेवा क्षेत्रको पनि विकास गराउँछ र रोजगारीका व्यापक क्षेत्र सृजना हुन्छ । गाउँमा अनुपस्थित जमिनदारको जमिन छ, मोहियानी लाग्ने डरले ती जमिन बाँजो राखिएको छ । साना किसानको आफ्नै जमिन भए पनि त्यसबाट परिवार पालिदैन,बैकल्पिक रोजगारी पनि देशमा उपलब्ध छैन । तसर्थः गाउँ /देहातका युवाहरू विदेशिन वाध्य भएका छन् ।

*३) मुलुकले नयाँ कार्यक्रम खोजेको छ ?*

नेपाल राज्यको तथ्यांकले बँताउछ की आवधिक योजना सुरु हुँदाको बखतमा नेपाल दक्षिण एसियामा नै सबै भन्दा उच्च कृषि उत्पादकत्व भएको मुलुक थियो र खाद्यान्न निकासी गर्दथ्यो । वि.स. २०४०-२०५० को वीचमा यो देश एसियामा सबै भन्दा कम उत्पादकत्व भएको देशमा बदलियो र खाद्यान्न आयात गर्ने मुलुकमा परिणत भयो । हाल नेपालले बार्षिक १ लाख ४० हजार मेट्रिक टन अन्न बाहिरी देशबाट आयात गर्दछ । राजा र संसदीय पुँजीवादी प्रजातन्त्रका हिमायती सरकारहरूबाट गरिएको झण्डै ६० बर्षको कृषि सुधारको नाममा भएको गलत कार्यको नतिजा हो जो अहिले नेपाली जनताले भोगिरहेका छन् ।

**नेपालमा कृषि उत्पादनमा ह्रास हुने मुख्य कारणहरु :**

१) कृषिमा क्रान्तिकारी परिवर्तन गर्ने शक्तिहरूको निम्छरो स्थिति ।
२) सुधारको नीति पनि राष्टिय हितमा नहुनु ।
३) भ्रष्टाचार र दलाली संस्थागत हुनु ।

नेपालले सामन्तवादी शासनको लामो काल खण्ड व्योहोरेको छ । राजतन्त्र ढले पनि सामन्तवादी संरचना ढलिसकेको छैन, त्यसलाई बचाउनु पर्छ भन्ने एकथरी यथास्थितिवादी राजनीतिले अहिले पनि काम गरेकै छ । विभिन्न दलीय नाममा शक्ति केन्द्रमा घुमिरहेका छन् । त्यस्को अर्थ हो नेपालको सामाजिक, सास्कृतिक सामन्तवाद कृषिमा पनि जवरजस्त छ । तसर्थः गाँउ / देहातका सामाजिक संरचनामा परिवर्तनको निम्ति सामन्तवादको सामाजिक, आर्थिक, सास्कृतिक आधारमाथि जवरजस्त आक्रमण जरुरी पर्दछ । सामन्तवादका यी आधारहरू मूलतः भूमि व्यवस्थामा भर पर्दछन् । कृषि उत्पादनका उक्त सम्बन्धका लक्षणहरूलाई ध्यानमा राखेर "सामन्ती तथा अर्ध-सामन्ती" अवस्था चित्रण गरिएको हो । यहाँ उक्त शब्दावली माथि प्रसस्त विवाद र भ्रम पारिएको छ । यहाँका वामपन्थीहरूले विद्यमान कृषि उत्पादन सम्बन्धलाई "अर्ध-सामन्ती" भन्ने गरेका छन् । "अर्ध-सामन्ती" शब्दावली मूलत : सामन्ती सम्बन्ध नै हो भन्ने बुझाउन सकिएको छैन । उपसर्ग "अर्ध" माल- अर्थव्यवस्था ९ऋयmmयमष्तथ भअयलयmथ० (२) पुँजीवादी सम्बन्धमा सीमित प्रवेशका कारण जोड्नु परेको हो । केही लेखकहरूले नेपालको "अर्ध-सामन्ती" अवस्थालाई पञ्चायत कालको सुरुका अवस्थादेखि नै पुँजीवादले विस्थापित गरिसकेकोले "नेपालको सामाजिक चरित्र दलाल पुँजीवादी"भइसकेकोले यहाँ"अर्ध-सामन्ती"विवादको विषय नरहेको वताउँछन्(३) तर यो कुरा नभुलौ कि आज मुलुकको जि.डि पि.मा उद्योग क्षेत्रको योग्दान ५,६ प्रतिशत भन्दा माथि छैन । सामन्ती उत्पादन पद्धती अर्न्तगत दुई मुख्य अभिकर्ताहरू "किसान र सामन्तको" र पुँजीवादी उत्पादन पद्धतीमा-"मजदुर पुँजीपतिवर्गको" उत्पादनको जिडिपीमा अहम भुमिका हुन्छ । यस हिसावले हेर्दा नेपालको अर्थतन्त्रमा सामन्तवाद भत्किने क्रमबाट अगि बढ्यो तर पुँजीवादमा पुग्यो भन्ने आधार छैन । खेतीमा पुँजीको प्रवेश पुँजीलाई "एक कुशल बजार केन्द्रित लाभदायक आर्थिक गतिविधि" मानेर नै हुन सक्तछ । पुँजीवाद अर्न्तगत मुख्यवर्ग सर्वहारा र पुँजीपति वर्ग हुन्छन् । अहिले पुँजीवादको विश्व नेतृत्व अमेरिकी साम्राज्यवादले गरेको छ । नेपालको जीवन स्तर सर्भेक्षण ९द्दण्ज्ञज्ञ० अनुसार करीब ६६ प्रतिशत परीवार (कृषि परिवार) भएको देखिन्छ । र त्यसमध्य ९० प्रतिशतले आफै उत्पादन उपभोग गर्दछन्, केवल १० प्रतिशतले मात्र बजारमा आफ्नो उत्पादन बेच्छन् (४) । उक्त १० प्रतिशतमध्य पनि केही अर्ध-ब्यबसायी र केही ठूलो मात्राको ब्यबसायी खेतीतर्फ लागेका छन । सामन्तबादको पछिलो कालमा, जब उत्पादन पुँजीवादी बजारसंग जोडिन थाल्दछ, मध्यम र निम्न मध्यम किसानहरू आफ्नो उत्पादनको एक भाग बजारमा बेच्दछन र आफ्नो गर्जो टार्दछन तर त्यसवाट पुनर्उत्पादन कार्यहुदैन । त्यसलाई केही लेखकहरूले पुँजीवादको विकास भएको देख्ने गरेका छन । तर बजारसंग जोडिए पनि"अतिरिक्त मूल्य"जोड्न नसक्ने "अर्ध ब्यवसायी" चरित्र "निम्न पुँजीवादी" ९एभततथ द्यगचनभयष्क० चरित्र हो, पुँजीवादी होइन । नेपालमा पुँजीवाद कम विकसित छ, र नेपाल मुख्य रूपले एउटा निम्न पुँजीवादी (किसान, दस्तकार, पसल, कमजोर राष्ट्रिय पुँजीपति,...आदी) मुलुक हो । साथै नेपालको विकास हुनु नसक्नुमा बाह्य शक्तिको दवाव । विश्व साम्राज्यवादको साथै भारतीय एकाधिकार पुँजीवादको दवाव पनि नेपाले व्योहोर्न परेको छ । नेपाली काग्रेसले पनि बोल्दा भारतीय दवावलाईस्वभाविक ठान्छन् र विरोध गर्न सक्दैनन् । नेपालको वाम आन्दोलनमा नेपालमाथि भारतीय दवाव नवऔपनिवेशिक तथा 'अर्ध-औपनिवेशिक' स्तरको रहेको छ भन्ने मान्यता रहिआएकोछ । यद्यपि हालै नेकपा (मसाल) भारतीय सत्तालाई 'साम्राज्यवादी' भनेको छ । जे होस् विभिन्न सन्धि र संझौता मार्फत भारतको एकाधिकार पुँजीको प्रतिनिधि सरकार वा भारतीय विस्तारवादी शासन सत्ताले नेपालमाथि अर्ध-उपनिवेशिक नियन्त्रण झन झन बलियो पारेको छ (माणिक लाल २०६८)। एक थरी वामहरूले नेपाल "अर्ध/ नव उपनिवेश" नभएको दलिल समेत अघि सारेका छन् । खास गरी बुर्जुवा सरकारको नेतृत्व गरी सकेका ठूला वाम पार्टीका नेतृत्व तहले यो कुरो अघि ल्याएका छन् । तर सि.के. लालको यो भनाई नै काफी छ कि नेपालको आर्न्तरिक मामलामा विदेशी (भारत) हस्तक्षेप कस्तो छ ? उनले भनेका छन् नेपालको आन्तरिक मामिलामा हस्तक्षेप ९ख्भतय एयधभच० गर्न कहिल्यै नहिचकिचाउने एक छिमेकि (५)। जे होस, नेपाल 'अर्ध-सामन्ती तथा अर्ध-औपनिवेशिक तथा नव औपनिवेशिक' अवस्थामा रहेको वाम आन्दोलनको स्वीकारोक्तीले यहाँको क्रान्तिको मूलभूत स्वरूप 'सामन्तवाद तथा साम्राज्यवाद/विस्तारवाद विरोधी पुँजीवादी-जनवादी' हो भन्ने ठहर गरेको छ । यसबाट स्पष्ट हुन्छ कि पुँजीवादी क्रान्तिको दिशामा जाने कृषिक्रान्तिको पनि कार्यक्रम हामीलाई चाहियो । अर्ध-सामन्ती कृषि प्रणालीको अवस्थाबाट राष्ट्रिय पुँजीवादी प्रणलीमा जानका लागि निम्न कार्य गरिनु पर्छ ।

१) कृषिमा आमूल रूपान्तरणको प्रकृयामा बाधक सामन्तवादका अवशेषको रूपमा रहेको भूस्वामित्व अन्त्य र दलाल-नोकरशाही पुँजीवादी र उत्पादन सम्बन्धलाई निस्तेज गर्ने ।
२) मुलुकको कृषि, भूमि र कृषि व्यापारमाथि बहुराष्टिय कम्पनिहरूको एकाधिकार स्थापित हुन रोक लगाउने ।
३) वास्तविक जोताहा किसानको जमिन माथिको हक स्थापित गर्ने ।
४) परम्परागत विकसित प्रविधि, सिप र स्थानीय वीउ, विजनको रक्षा र प्रयोग गर्ने ।
५) किसान संगठनलाई बलियो वनाउने ।
६) खाद्य संप्रुभताको सुरक्षा राज्यले दिने ।
७) राज्यले कृषिमा व्यावसायीकरण, विविधीकरण, विशिष्टीकरण एवं व्यापारीकरण गर्ने योजनाबद्ध कार्यक्रम लागु गर्ने ।
८) मुलुकमा कृषि-उधोग, व्यापार र सेवाका क्षेत्रको विकास गरी रोजगारीको क्षेत्र विस्तार गर्ने ।
९) राजनीतिक भ्रष्टाचार र विदेशी शक्तिको दलाली प्रवृतिलाई निष्तेज गर्ने ।

राजनीतिक इच्छा शक्ति भएको राज्य संचालकहरूको उपस्थितिको अवस्थामा पुँजीवादतिर संक्रमित हुने उद्धेश्यले संसारका विभिन्न मुलुकहरूमा व्यापक अर्थमा सुधारात्मक (आमूल परिर्वतनको अर्थमा भने होईन) चरित्रका भूमि व्यवस्थामा परिवर्तनका कार्यक्रमहरू नदेखिएका होइनन् तर नेपालको राजनीतिक क्षेत्रमा आमूल परिवर्तनकारी शक्तिहरूको साक्षेप रूपमा निम्छरो स्थिति र सत्ता संर्घषको यतिवेलाको द्धन्द्धता यथास्थितिका पक्षपोषक पक्षका बीच मात्र रहेको अवस्थामा यहाँको भूमि व्यवस्थाको चरित्रमा परिवर्तनको कुनै गुन्जाईस देखिन्न (मुरारी अर्याल,२०४९) । तसर्थ : नयाँ कृषि क्रान्ति वा प्रणाली आवश्यक भएको हो भन्ने कुरामा हामी प्रष्ट हुनु पर्दछ ।

*४) कृषि क्रान्तिका मोडल*

हामीले माथी नेपाली कृषि समाज अर्ध- सामन्ती अवस्थामा रहेको प्रष्ट गरी सकेका छौ । अर्ध-सामन्ती अवस्थामा उत्पादनका दुईवटा विशेषता रहेका छन् :

S.F= SSPP+SSCP

जहाँ, S.F.= SEMI-Feudalism (अर्ध-सामन्तवाद)

SSPP= small Scale primary production (सानु स्केलको प्राथमिक उत्पादन)

SSCP=Small scale commodity production (सानु स्केलको माल उत्पादन)

अघिल्लो सामन्तवादको आधरशीलाको रूपमा र पछिल्लो सामन्ती अर्थतन्त्रको विघटन पछि पुँजीवादतर्फ संक्रमणको अवस्थामा रहने उत्पादन हुन् ।(६) तसर्थ हामी स्पस्ट हुनुपर्ने भनेको विद्यमान अर्ध-सामन्ती उत्पादन पद्दतीलाई निषेध नगरी औद्योगिक पुँजीवादी प्रणलीमा जानसकिदैन । त्यसका लागि :

IC= LSCP

hFxf, IC= Industrial capitalism (औधोगिक पुँजीवाद)

LsCP= Large-scale commodity production system (वृहत स्केल माल उत्पादन पद्दती) ।

तर नेपालको विद्यमान विकासको प्रवृति औधोगिक पुँजीवाद तर्फ निर्देशित छैन, बरु दलाल नोकरशाही पुँजीपति वर्गले यसलाई रोक्नेकाम गरेको छ । सामन्तबादी तत्वहरू यसका सहयोगी छन् । यही नै नेपालको विकासका लागि प्रमुख चुनौती हो । नेपालमा केही "वृहद स्केलका माल उत्पादन "त छन् तर तिनले देशको न्मए मा खासै हैसियत नराख्ने कुरो माथि नै भनियो । कृषि-ईतरका 'वृहद स्केलका औद्योगिक उत्पादन' गिरिजाकै पालामा कौडीको दाममा बेचेर समाप्त गरिएको पनि यहाँ स्मरण गर्नु सान्दर्भिक नै हुन्छ । यसले राजनीतिमा भ्रष्टता र दलालीको राम्रो नमुना प्रर्दशन गरेको छ ।

*५) कस्को नेतृत्वः*


हामी कम्युनिष्टहरूले औद्योगिक पुँजीवादतर्फ विकासको गतिको विरोध होइन, समर्थन गर्दछौ,। तर प्रश्न छ त्यसको गन्तव्य साम्राज्यवादको हितमा छ की राष्टिय औधोगिक पुँजीवादको हितमा छ । हामीले हेर्ने त्यही हो र त्यसलाई साम्राज्यवादी (र विस्तारवादी) पञ्जाबाट बचाउने प्रयास गर्नु पर्दछ र राष्ट्रिय पुँजीवादतर्फको विकाशमा लगाउने प्रयत्न गर्नु पर्दछ । सन् २००६ को ऐतिहासिक जनआन्दोलन पछि ने. का, एमाले र एमाओवादी जस्ता ठुला पार्टीहरूले वैज्ञानिक भूमि सुधार गर्ने, सामन्ती भूस्वामित्व अन्त्य गर्ने, जमिन जोत्नेलाई दिने, आदि जस्ता प्रतिवद्दता छोडेर त्यसको सट्टामा भूमि बैंक र साम्राज्यवादी बहुराष्ट्रिय कम्पनिहरूको 'कर्पोरेट फार्मिङ' कार्यक्रम ल्याएकाछन् । यो कुरा यसबाट थाहा हुन्छ कि यिनीहरूले प्रगतिशील भूमि सुधारको एजेन्डा, आर्थिक र सामाजिक क्रान्तिको एजेन्डा र त्यसका लागि संर्घष गर्ने जागर सरकार चलाउन पुगेका कम्युनिष्ट भनिएका दलहरू ीसत देखिएन । बरु यिनीहरूले अर्थमन्त्री रामहरण महतले संसदमा प्रस्तुत गरेको २०७१-७२ को बजेट देखि हालसम्म मार्फत कृषिमा गरेको दलाल पुँजीवादी खेतीको प्रावधानलाई

बाँकी ७ पेजमा

# मार्क्सवाद-लेनिनवाद-माओवादको अध्ययन किन गर्ने ?

## "सबै चीजको निर्धारण विचारले गर्दछ"

***कम्युनिस्ट क्रान्तिकारी बन्नका लागि धेरै गहिरो ज्ञान चाहिन्छ । मार्क्सवादका साथै समाजविज्ञानको क्षेत्रमा, राजनीतिक अर्थशास्त्रका क्षेत्रमा, दर्शनका क्षेत्रमा, वैज्ञानिक समाजवादका क्षेत्रमा, इतिहासको क्षेत्रमा, भूगोलको क्षेत्रमा, प्रकृतिको क्षेत्रमा गहिरो ज्ञान हुन जरूरी हुन्छ । किनभने कम्युनिस्ट भनेको सबभन्दा सचेत नागरिक हो । त्यसैले उनले धेरै कुराको बारेमा ज्ञान हासिल हुन जरूरी हुन्छ । उनले विश्वलाई, सारा संसारलाई चिन्नु मात्र होइन, त्यसलाई बदल्ने दायित्व एउटा क्रान्तिकारी कम्युनिस्टको हुने भएकोले उनले संसारका धेरै विषयमा जानकारी लिन जरूरी हुन्छ । त्यस सम्बन्धी विषयमा ज्ञान प्राप्त गरेकै हुनुपर्छ । ती ज्ञान हासिल गर्ने र सिकाउने भने कै मालेमावाद जस्तो अर्को कुनै दर्शन र सिद्धान्त छैन यस वस्तुगत जगतमा ।***



● हस्तबहादुर केसी ●

हामी क्रान्तिकारी कम्युनिस्टहरूले मार्क्सवाद-लेनिनवादको अध्ययन किन गर्ने ? क्रान्तिकारी कम्युनिस्ट पार्टीका नेता-कार्यकर्ताहरूले मालेमावादको अध्ययन किन गर्ने ? आम मुक्तिकामी जनता तथा सर्वहारा श्रमजीवी वर्गले मालेमाबादको अध्ययन किन गर्ने ?

यो प्रश्न एक दार्शनिक प्रश्न हो । यो एक सैद्धान्तिक प्रश्न हो । यो एक वैचारिक प्रश्न हो । यो एक राजनीतिक प्रश्न हो । सम्पूर्ण क्रान्तिकारी कम्युनिस्टहरूका लागि साँच्चिकै महत्वपूर्ण प्रश्न हो । यो साँच्चिकै देश र जनताको मुक्तिसंग जोडिएको प्रश्न हो ।

हामी क्रान्तिकारी कम्युनिस्टहरूले मालेमावादको अध्ययनको विषयलाई गंभीर्तापूर्वक लिनैपर्छ । हामी क्रान्तिकारी कम्युनिस्टहरूले मालेमावादको अध्ययनको विषयलाई एउटा जीवनपद्धति र जीवन कार्यशैलीका रूपमा ग्रहण गर्नैपर्छ । यसो गरिएन भने साँच्चिकै क्रान्तिकारी कम्युनिस्ट बन्न सकिदैन ।

बरु यसको ठिक उल्टो चरम अवसरवादी बनिन्छ । यसको ठिक उल्टो दक्षिणपन्थी संशोधनवादी बनिन्छ । यसको ठिक उल्टो देश, जनता, पार्टी र क्रान्तिका लागि लाल गद्धार बनिन्छ । यसको ठिक उल्टो राष्ट्रघाति-जनघाति मात्रै होइन देशबेचुवा राष्ट्रिय गद्धार भइन्छ । र, अन्तिममा प्रतिक्रियावादी कित्ता पुगेर सिद्धिने कुरा आउँछ ।

त्यसैले क्रान्तिकारी कम्युनिस्टहरूले, कम्युनिस्ट पार्टीका नेता-कार्यकर्ताहरूले, सारा सर्वहारा श्रमजीवी वर्ग र आम मुक्तिकामी जनसमुदायले मार्क्सवाद-लेनिनवाद-माओवादको गहण अध्ययन र मालेमावादलाई व्यवहार मै जीवनपद्धतिका रूपमा आत्मसात गर्न जरुरी छ ।

पहिलो कुरा चीजलाई नबुझीकन त्यसविषयमा जान्ने कुरै भएन । त्यसो भएर पहिलो नम्बरमा मार्क्सवाद के हो ? लेनिनवाद के हो ? माओवाद के हो भन्ने कुरा बुझ्न र जान्न आवश्यक हुन्छ ।

***मार्क्सवाद भनेको के हो ?***

यस विषयमा छलफल गरौं । मार्क्सवाद भनेको कार्ल मार्क्स ( सन १८१८-१८८३ ) र फ्रेडरिक एंगेल्सद्वारा सन १८४८ फेब्रुअरी २१ दिन कम्युनिस्ट लिग मार्फत् लण्डनबाट जारी गरिएको कम्युनिस्ट घोषणापत्रलाई बुझ्नु पर्यो । त्यही मार्क्स-एंगेल्सले सन १८४८ फेब्रुअरी २१ का दि लण्डनबाट जारी गरिएको विश्वविख्यात कम्युनिस्ट घोषणापत्र पत्र नै सर्वहारा श्रमजीवी वर्गको, रगत र पसिना बिक्री गरेर बाँच्ने वर्गको मुक्तिको सिद्धान्त बन्यो । अर्थात् त्यही कम्युनिस्ट घोषणापत्र मार्फत् मार्क्स-एंगेल्सले मार्क्सवादको प्रतिवादन गर्नु भयो ।

मार्क्सको दर्शन द्वन्द्वात्मक भौतिकवादी र ऐतिहासिक भौतिकवादी दर्शन हो । यो नै सर्वहारा वर्गको विश्वदृष्टिकोण हो । हरेक वस्तुको सिद्धान्त र पद्धति हुन्छ । मार्क्सवादको सिद्धान्त भौतिकवाद हो भने मार्क्सवादी दर्शनको पद्धति द्वन्द्ववाद ।

मार्क्सवाद सर्वहारा क्रान्तिको विज्ञान हो । मार्क्सवाद पुँजीवादको प्रारम्भिक अवस्थामा विकसित भएको हो । द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद, अतिरिक्त मूल्यको सिद्धान्त, वर्गसंघर्ष तथा इतिहासमा बलप्रयोगको मूमिका र वैज्ञानिक समाजवाद तथा साम्यवाद मार्क्सवादका आधारभूत मान्यता हुन् ।

विश्व सर्वहारा वर्गका महान् नेता लेनिनलेको भनाइअनुसार "मार्क्सवाद भनेको मार्क्सका विचार र उनका शिक्षाको व्यवस्थित श्रृङखला हो । मार्क्सवादको निर्माण दर्शन, राजनीतिक अर्थशास्त्री र वैज्ञानिक समाजवादका ती संघटक तत्वहरूको सश्लेषणबाट बनेको छ ।"

मार्क्सवादले पदार्थ, प्रकृति वा सामाजिक सत्तालाई पहिलो र चेतना, विचार वा सामाजिक चेतनालाई दोस्रो स्थानमा राख्दछ । मार्क्सवादले चेतनालाई वस्तुजगतको आत्मिक प्रतिबिम्बन मान्दछ र विश्वलाई बोधगम्य बताउँछ ।

मार्क्सले ऐतिहासिक भौतिकवादमा सामाजिक सत्ता र सामाजिक चेतना, उत्पादन शक्ति र उत्पादन सम्बन्ध, आधार र उपरिसंरचना तथा उत्पीडक र उत्पीडित वर्गका बीचको संघर्षको मान्यता प्रस्तुत गर्नुभएको छ । मार्क्सको राजनीतिक अर्थशास्त्र, श्रमको मूल्य सिद्धान्तमा आधारित रहेको छ । मार्क्सको वैज्ञानिक समाजवाद-वर्गसंघर्ष, इतिहासमा बलप्रयोगको भूमिका, सर्वहारा वर्गको अधिनायकत्व र साम्यवादका आधारभूत मान्यताहरूद्वारा निर्मित भएको छ ।

दर्शन युग सापेक्ष हुन्छ । त्यसो भएर नै कार्ल मार्क्सले दर्शनशास्त्रलाई आफ्नो समयको "बौद्धिक सार", "संस्कृतिको जीवित तत्व" भन्नुभएको छ ।-कार्ल मार्क्स-फ्रडरिक एंगेल्स, संकलित रचना संग्रह, खण्ड १, पृष्ठ १०५ ।

***लेनिनवाद भनेको हो ?***

हामीले लेनिनवादका विषयमा गहन अध्ययन गरेर जानकारी हासिल गर्न जरुरी छ । लेनिनवाद (१८७०-१९२४) मार्क्सवादको गुणात्मक विकासको दोस्रो चरण हो । पुँजीवादले साम्राज्यवादमा प्रवेश गर्नु, उत्पादक शक्ति, सर्वहारा आन्दोलन तथा ज्ञान-विज्ञानका विविध क्षेत्रमा थप प्रगति हुँदै जानू र यसप्रकारको नयाँ परिस्थिति अनुरूप मार्क्सवादलाई नयाँ उचाइमा विकसित गर्नपर्ने ऐतिहासिक आवश्यकताका बीचबाट लेनिनवाद जन्मिएको हो।

लेनिनले जुन राजनीतिक अर्थशास्त्रका पुँजीवादको चरम विकास साम्राज्य हो र साम्राज्यवाद भनेको मरनासन्नापुँजीवाद हो, सढेगलेको पुँजीवाद हो र साम्राज्यवाद भनेको सर्वहारा क्रान्ति

(वैज्ञानिक समाजवादी क्रान्ति) को पूर्वबेला भन्नु भयो र संगठनका क्षेत्रमा जुन जनवादी केन्द्रीयताको सिद्धान्त प्रतिपादन गर्नु भयो । यो नै लेनिनवाद हो ।

स्टालिनले "लेनिनवाद भनेको साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगको मार्क्सवाद हो" भन्नुभएको छ । लेनिनवादका बारेमा स्टालिनले अझै अगाडि बढेर भन्नुभएको छ, "लेनिनवाद भनेको सामान्यतः सर्वहारा क्रान्तिको सिद्धान्त तथा कार्यनीति र विशेषतः सर्वहारा वर्ग अधिनायकतन्त्रको सिद्धान्त र कार्यनीति हो ।"-लेनिनवादका आधारहरू-स्टालिनका छानिएका रचनाहरू पृ.९०, पैरवी प्रकाशन काठमाडौं, २०६४ ।

लेनिनवादको सिद्धान्त, विश्वदृष्टिकोण र शिक्षाका बारेमा कमरेड माओले भन्नुभएको छ, "लेनिनवादको सिद्धान्तले मार्क्सवादको विकास गरेको छ । यो कुन सन्दर्भमा भएको छ ? प्रथम विश्वदृष्टिकोणमा, भौतिकवाद र द्वन्द्ववादमा र द्वितीय क्रान्तिको सिद्धान्त र कार्यनीतिमा विशेषतः वर्गसंघर्ष, सर्वहारा वर्गको अधिनायकत्व र सर्वहारा वर्गको राजनीतिक पार्टीका प्रश्नहरूमा र यसका साथै वैज्ञानिक समाजवादी निर्माणमा लेखिएका शिक्षाहरू रहेका छन् ।"selected works of Mao TseTung vol. v,p. 341– 342 foreign language press Peking, first edition 2977.

***माओवाद भनेको के हो ?***

मार्क्सवाद-लेनिनवादको गुणात्मक विकासको तेस्रो र नयाँ चरण माओवाद हो । सामन्तवादी- साम्राज्यवादी शोषणको दोहोरो उत्पीडनबाट आक्रान्त अविकसित देशहरूका क्रान्तिका समस्याहरूको समाधान गर्नुपर्ने, सन १९५३ मा स्टालिनको मृत्यु पश्चात् रुस एवं पूर्वी युरोपका कैयौं देशहरूमा पुँजीवादकोपुनःस्थापनाका कारणहरूको खोज गरी त्यसबाट शिक्षा लिनुपर्ने तथा त्यसबाट उत्पन्न वैज्ञानिक समाजवादी समाजका अन्तर्विरोधहरूको समाधान गर्नुपर्ने र आधुनिक संशोधनवादका विरुद्धको लडाइँ लड्नुपर्ने ऐतिहासिक आवश्यकताको पृष्ठभूमिमा माओद्वारा मार्क्सवाद-लेनिनवादको थप परिमार्जन तथा विकास गरी त्यसलाई मार्क्सवाद-लेनिनवादको तेस्रो, नयाँ र गुणात्मक उचाइमा पुर्याउने काम भयो ।

लेनिनद्वारा मार्क्सवादलाई त्यसको समग्रतामा विकासको दोस्रो चरण लेनिनवादको चरणमा पुर्याउने काम भयो । आज यो विज्ञान संघर्ष कै क्रममा विकासको तेस्रो, नयाँ र उच्च चरणमा पुगेको छ । यो तेस्रो, नयाँ र उच्च चरण कमरेड माओद्वारा विकास गरिएको माओवादको चरण हो ।

यसरी आज अन्तर्राष्ट्रिय सर्वहारा वर्गको हातमा एउटा सार्वभौम सिद्धान्तको सिंगो अभेद्य ईकाइको रूपमा मार्क्सवाद-लेनिनवाद-माओवाद रहेको छ । यसरी आज माओवाद सर्वहारा वर्गको अधिनायकत्व अन्तर्गत निरन्तर क्रान्तिको सिद्धान्तको रूपमा स्थापित र विकसित हुन पुगेको छ ।

माओवादलाई आजको विश्वको मार्क्सवाद-लेनिनवादको रूपमा नगरीकन कोही पनि सच्चा कम्युनिस्ट बन्न सक्तैन । आजको विश्वको मार्क्सवाद-लेनिनवाद भएकोले नै संसारभ,का प्रतिक्रियावादी, संशोधनवादीहरूले माओवाद एवं माओवादीहरूमाथि भीषण हमला गरिरहेका छन् ।

***कम्युनिस्ट क्रान्तिकारीहरूले मालेमावादको अध्ययन किन गर्ने ?***

अब हामी क्रान्तिकारी कम्युनिस्टहरूले, क्रान्तिकारी कम्युनिस्टले पार्टीका नेता-कार्यकर्ताहरूले, विश्व सर्वहारा वर्ग र आम उत्पीडित जनसमुदायले किन मालेमावादको गहिरो अध्ययन गर्नु पर्दछ त ? भन्ने विषयमा छलफल गर्ने छौ ।

हामीले माथि पनि धेरै ठाउँमा उल्लेख गरिसकेका छौ कि मार्क्सवाद अर्थात् मालेमावाद सर्वहारा श्रमजीवी वर्गको मुक्तिको सिद्धान्त र उसको विश्वदृष्टिकोण हो भन्ने बारेमा जानकारी लिइसकेका छौं ।

मालेमावादको अध्ययन किन गर्नुपर्ने ? त्यसबाट हामीलाई के फाइदा हुन्छ ? अथवा मालेमावादले हामीलाई कुन कुरा प्रदान गर्दछ ?

मालेमावादको अध्ययनले प्रथमतः हामीलाई विश्वदृष्टिकोण पैदा गर्दछ, विश्वलाई हेर्ने, बुझ्ने, व्याख्या-विश्लेषण गर्ने र अन्तिममा त्यसलाई बदल्ने बाटोमा पथप्रदर्शन गर्ने काम गर्दछ ।

क्रान्तिकारी कम्युनिस्टहरू सामान्यतः मालेमावादको अध्ययनमा बल दिने गर्दछन् ।त्यसो गर्नुमा एउटा मुख्य कारण के हो भने मालेमावाद यस्तो चीज हो , जसले हामीलाई सैद्धान्तिक ढंगले कसरी सोच्ने, सैद्धान्तिक धरातलमा उभिएर परिघटननहरूलाई कसरी हेर्ने भन्ने कुरा सिकाउछ ।र, विश्वमा रहेका कुनै पनि वस्तु र घट्ने कुनै पनि परिघटनालाई चिन्न, बुझ्न, त्यसको अध्ययन विश्लेषण गर्नका साथै त्यसलाई बदल्ने वैज्ञानिक साधन भएकोले क्रान्तिकारी कम्युनिस्टहरू मालेमावादको गहन अध्ययन गर्ने र त्यसलाई आत्मसात गरेर वास्तविक जीवन व्यवहारमा लागु गर्नु सबैभन्दा महत्वपूर्ण कर्तव्य हो ।

मालेमावादले विश्व सर्वहारा वर्गलाई कस्तो प्रकारको ज्ञान ( शिक्षा ) दिन्छ त ? भन्ने कुरामा मार्क्स-लेनिन-माओ स्वयंले भन्नुभएको कुराहरूबाट स्पष्ट हुन सकिन्छ ।

भनिन्छ सर्वहारा वर्गले संसारलाई ठिकशीत बुझ्ने र त्यसलाई फेर्ने एक अचूक बौद्धिक भेटाउछ । लेनिनले त्यसको महत्वलाई यसरी दर्साउनु भएको छ, " मार्क्सको दर्शन एउटा यस्तो परिपूर्ण दार्शनिक भौतिकवाद हो, जसले मानवजातिलाई र खास रूपले मजदुर वर्गलाई ज्ञानका शक्तिशाली औजारहरू प्रदान गरेको छ ।" -लेनिन, संकलित रचनाहरू, भाग १९, पृ . २५ ।

दर्शनको महत्व बारे मार्क्सले स्वयं लेख्नुभएको छ, "जसरी दर्शनले सर्वहारा वर्गमा आफ्नो भौतिक हतियार भेटाउँछ, त्यसरी नै सर्वहारा वर्गले दर्शनमा आफ्नो बौद्धिक हतियार भेटाउँछ । "-मार्क्स-एंगेल्स, संकलित रचनाहरू, भाग ३, पृ. १८७ ।

त्यस्तै मार्क्सवादको दार्शनिक पक्षको महत्वलाई कमरेड माओले निम्न रूपमा दर्साउनु भएको छ, "मार्क्सवाद ज्ञानका अनेक शाखाहरूबाट बनेको छ : मार्क्सवादी अर्थशास्त्र र मार्क्सवादी समाजवाद अर्थात् वर्गसंघर्षको सिद्धान्त, तर जग चाहिँ मार्क्सवादी दर्शन हो । यदि त्यसलाई मनन गरिँदैन भने हाम्रो एउटा साझा भाषा वा कुनै साझा तरिका हुनेछैन, हामी चीजहरूलाई स्पष्ट नपारिकन यताउताको कुरा उठाई तर्क मात्र गरिरहेका हुनेछौं । द्वन्द्वात्मक भौतिकवादलाई मनन गरिसके पछि थुप्रै दुःखहरूकाट जोगिने छ र धेरै गलतीहरू हट्ने छन् ।"-माओ त्सेतुङ, चुनिएका रचनाहरू, अंग्रेजी संस्करण, भाग ५, पृष्ठ १६० ।

कम्युनिस्ट क्रान्तिकारी बन्नका लागि धेरै गहिरो ज्ञान चाहिन्छ । मार्क्सवादका साथै समाजविज्ञानको क्षेत्रमा, राजनीतिक अर्थशास्त्रका क्षेत्रमा, दर्शनका क्षेत्रमा, वैज्ञानिक समाजवादका क्षेत्रमा, इतिहासको क्षेत्रमा, भूगोलको क्षेत्रमा, प्रकृतिको क्षेत्रमा गहिरो ज्ञान हुन जरुरी हुन्छ । किनभने कम्युनिस्ट भनेको सबभन्दा सचेत नागरिक हो । त्यसैले उनले धेरै कुराको बारेमा ज्ञान हासिल हुन जरुरी हुन्छ । उनले विश्वलाई, सारा संसारलाई चिन्नु मात्र होइन, त्यसलाई बदल्ने दायित्व एउटा क्रान्तिकारी कम्युनिस्टको हुने भएकोले उनले संसारका धेरै विषयमा जानकारी लिन जरुरी हुन्छ । त्यस सम्बन्धी विषयमा ज्ञान प्राप्त गरेकै हुनुपर्छ । ती ज्ञान हासिल गर्ने र सिकाउने भने कै मालेमावाद जस्तो अर्को कुनै दर्शन र सिद्धान्त छैन यस वस्तुगत जगतमा ।

त्यसैले एउटा अब्बल दर्जाको क्रान्तिकारी कम्युनिस्ट योद्धा बन्नका मालेमावादको आधारभूत सैद्धान्त (विज्ञान) अर्को छैन यस वस्तुगत जगतमा ।

मालेमावादको गहन अध्ययन गर्ने र वैज्ञानिक ज्ञान आर्जन गरेर सच्चा क्रान्तिकारी कम्युनिस्ट बन्नु भन्दा पनि टपर्टुँया ज्ञानको आधारमा कम्युनिस्ट क्रान्तिकारी बन्ने र कम्युनिस्ट पार्टीको नेता, बनाउने जुन संस्कारको विकास भएको पाइन्छ, यो संस्कार र पद्धति गलत गैर मार्क्सवादी मानिन्छ । यो ठूलो विकृति र विसंगति हो, जसले देश, जनता, पार्टी र क्रान्तिलाई ठूलो नोक्सानी पुर्याउँछ । एउटा सच्चा क्रान्तिकारी कम्युनिस्टले यसप्रकारको चिन्तन, सोंच, कार्यशैलीलाई तुरुन्तै त्याग्नु उपयुक्त हुन्छ ।

मालेमावादको गहिरो ज्ञान आर्जन कठिन परिश्रमका बीचबाट मात्र प्राप्त गर्न सकिन्छ । हल्काफुल्का तथा टपर्टुँया अध्ययनको कार्यशैलीले, जीवन शैलीले मालेमावादको गहिरो ज्ञान आर्जन गर्न सम्भव हुँदैन । यसविषयमा क्रान्तिकारी कम्युनिस्टहरू सजक, सतर्क रहन जरुरी हुन्छ ।

एउटा क्रान्तिकारी कम्युनिस्ट योद्धा बन्न र आजीवन क्रान्तिकारी भइरहनका निम्ति मालेमावादको गहन अध्ययनलेफ मात्र प्रयाप्त हुदैन, मुख्यतः उनले भीषण वर्गसंघर्ष र वैचारिक संघर्षमा भाग लिन जरुरी हुन्छ । एउटा क्रान्तिकारी कम्युनिस्ट योद्धालाई खार्ने भने कै वर्गसंघर्ष र वैचारिक संघर्षमा होमिएको हुनुपर्छ भन्ने मार्क्सवादी मान्यता छ । एउटा क्रान्तिकारीलाई क्रान्तिकारी बनाई राख्ने मुख्य आधार वर्गसंघर्षमा निर्भीक रूपमा भाग लिनु हो भन्ने कुरालाई कुनै पनि क्रान्तिकारी कम्युनिस्ट कहिल्यै पनि भुल्नु हुँदैन ।

एउटा सार्वभौम सवाल के हो भने कम्युनिस्ट पार्टीलाई क्रान्तिकारी विचार त प्रमुख हो । यसका साथै जनता पनि क्रान्तिकारी भइरहन जरुरी हुन्छ भने कम्युनिस्ट पार्टीका नेताहरू क्रान्तिकारी भइरनलाई कार्यकर्ताहरू पनि क्रान्तिकारी हुन जरुरी हुन्छ । नेपालको सन्दर्भमा यी पछिल्ला दुईवटा पक्षहरू नभए कै कारण विभिन्न कालखण्डमा नेतृत्व गरेका कम्युनिस्ट पार्टीका नेताहरू वैचारिक विचलन पर्ने, गंभीर खतर्नाक खालका अवसरवादी बन्ने गरेका र आन्दोलन, देश,जनता र क्रान्तिकारीलाई धोका दिएका मात्र होइनन् क्रान्ति र जनता प्रति नै गद्धारी गरेका थुप्रै उदाहरणहरू हाम्रो सामु जीवितै छन् ।

अध्ययन भनेको ज्ञान आर्जन गर्नु हो । अध्ययन ज्ञान प्राप्तिको साधन हो । त्यसैले अध्ययन गर्ने दुईवटा तरिका छन् । पहिलो तरिका हो-स्वअध्ययनको तरिका । दोस्रो तरिका हो-पार्टी स्कुलिङको तरिका । अध्ययन गर्ने स्वअध्ययनको तरिका पनि महत्वपूर्ण तरिका हो । तर कम्युनिस्ट क्रान्तिकारीहरूले पार्टीले व्यवस्था गरेको पार्टी स्कुलिङको तरिकाबाट अनुशासित, योजनाबद्ध र व्यवस्थित ढंगले अध्ययन गर्ने पद्धतिलाई नै सबैभन्दा वैज्ञानिक तरिका मानिन्छ ।

यहाँ अध्ययन गर्ने भनेको कोरा ज्ञान आर्जन गर्ने भनिएको होइन, वैज्ञानिक ज्ञान आर्जन गर्ने, मालेमावादका विषयमा गहन अध्ययन गर्ने भनिएको हो ।अर्थात् क्रान्तिकारी विचार, सिद्धान्त र दर्शनका बारेमा अध्ययन गर्ने भनिएको हो । किनभने भनिन्छ " विचारविनाको मान्छे जराविनाको रुखसरह हुन्छ ", त्यसैले कमरेड माओले भन्नुभएको हो, सबै चीजको निर्धारण विचारले गर्दछ । कमरेड माओको भनाइबाट पनि यो कुरा स्पष्ट हुन्छ कि हामी क्रान्तिकारी कम्युनिस्टहरूले सही विचार आत्मसात गर्नका लागि, क्रान्तिकारी विचार आत्मसात गर्नका लागि पनि मार्क्सवाद-लेनिनवाद-माओवादको गहन अध्ययन गर्न जरुरी छ ।

बुर्जुवाहरूले, प्रतिक्रियावादीहरले, संशोधनवादी हरूले पनि मालेमावादको अध्ययन गरेका हुन्छन् । उनीहरूले आफ्ना कार्यकर्ताहरू प्रशिक्षण दिने गरेका हुन्छ । त्यो उनीहरूको त्यो अध्ययन र प्रशिक्षण देश र जनताको हितका खातिर नभर विरुद्धमा गरेका हुन्छन् भने क्रान्तिकारी कम्युनिस्ट पार्टीका नेता-कार्यकर्ताहरूले मालेमावादको अध्ययन र स्कुलिङ गर्ने, गराउने भनेको संसारलाई बुझ्ने र त्यसलाई बदल्ने वैज्ञानिक ज्ञान प्राप्त गर्ने रहेको हुन्छ ।

कम्युनिस्ट क्रान्तिकारीहरूले मालेमावादको अध्ययन गर्नु मात्र प्रमुख कुरा होइन, माथि भनिएको छ कि गैर क्रान्तिकारीले, बुर्जुवाहरूले, प्रतिक्रियावादीहरूले, संशोधनवादीहरूले पनि गरेका हुन्छन् । कम्युनिस्ट क्रान्तिकारीहरूले गरेको मालेमावादको गहिरो गरी अध्ययन गरेर त्यसलाई आत्मसात गर्दै व्यवहारिक रूपमा जीवन व्यवहारमा लागु गर्नु नै प्रमुख कुरा हो ।

एउटा कम्युनिस्ट क्रान्तिकारीले वर्गीय समाजमा चल्ने वर्गसंघर्ष र क्रान्तिकारी कम्युनिस्ट पार्टी भित्र चल्ने वैचारिक (दुईलाईन) संघर्षमा होमिने आँट गर्दैनन् भने उनले गरेको मालेमावादको अध्ययनको कुनै अर्थ छैन ।

नौलो संसार निर्माण गर्ने आँट गरेका मालेमावादी क्रान्तिकारी कम्युनिस्टहरूले मालेमावादको अध्ययन गर्नु अति जरुरी छ । किनभने मालेमावाद भनेको विश्वलाई चिन्ने र बदल्ने सैद्धान्तिक, दार्शनिक हतियार हो ।

(केसी-वरिष्ठ मार्क्सवादी लेखक र नेकपा (क्रान्तिकारी माओवादी) केन्द्रीय पार्टी स्कुल विभागका सचिव हुन् ) ।

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

# नेकपा(क्रान्तिकारी माओवादी) निकट अखिल(क्रान्तिकारी)ले स्थानीय निर्वाचन बहिष्कार अभियानलाई तीब्रता दिंदै

काठमाडौं । नेकपा(क्रान्तिकारी माओवादी) निकट अखिल(क्रान्तिकारी)विधार्थी संगठनका नेताहरूले पार्टी र संगठनको मुल स्पीरिड अनुसार देशव्यापी रूपमा कथित स्थानिय निर्वाचन बहिष्कार अभियानलाई देशै भरि सशक्त रूपमा संचालन गरिरहेको जानकारी अखिल(क्रान्तिकारी)का केन्द्रीय उपाध्यक्ष शीलु न्यौपानेले दिनु भएको छ ।



अभियानकै क्रममा अखिल(क्रान्तिकारी)ले ३ नम्वर प्रदेश अन्तर्गत पूर्वि कमाण्डका जिल्लाहरूमा बैठक र अभियानको तयारी चलिरहेको र ललितपुर जिल्ला अन्तरगत नमुना मछेन्द्र मा.विमा मचिन जिमीको अध्यक्षतामा ३५ सदस्यीय मुल ईकाई कमिटि र २ वटा कक्षा कमिटी निर्माण भएका छन् भने, आदर्श शौलमा विशाल भट्टको अध्यक्षतामा मुल ईकाई कमिटि र ३ कक्षा कमिटि निर्माण गरिएका छन् । त्यसैगरी मदन स्मारकमा ३ कक्षा कमिटि निर्माण, पाटन ढोकामा.विमा दिपक थापा मगरको अध्यक्षतामा २५ सदस्यीय ईकाई कमिटि निर्माण भएको छ । त्रिपद्यममा.विमा २ वटा कक्षा कमिटि निर्माण भएको छ ।

उक्त कार्यक्रमहरूमा अभियानमा अखिल( क्रान्तिकारी) को केन्द्रीय अध्यक्ष हरिकृष्ण गजुरेल, उपाध्यक्ष शीलु न्यौपाने, सचिव राम तिरुवाको उपस्थित रहेको थियो भने, ललितपुर जिल्ला अभियानलाई सान्दार रूपमा संचालन गर्न स्थानिय विधार्थी नेताहरू अखिल(केन्द्रीय) सदस्य ईश्वर सिहं साउद, विधार्थी नेताहरू विष्णु महर्जन, लाल सिंह धामी, देवेन्द्र धामीहरूको उत्सुकता नियमित रूपमा जिल्लामा अभियान तीवरूपमा संचालन गरिरहेका छन् । यस्तै अभियानलाई व्यवस्थित गर्न ललितपुर जिल्लामा वैशाख ३ गते प्रशिक्षण र ५ गते जिल्ला भेलाको तयारी र यस्तै गरि काभ्रे, दोलखा र भक्तपुरमा जिल्लाहरूमा समेत बैठक र अभियानको तयारीमा साथीहरू जुटिरहनु भएको जानकारी अखिल(क्रान्तिकारी)को केन्द्रीय उपाध्यक्ष शीलु न्यौपानेले जानकारी गराउनु भयो ।

# पश्चिम नवलपरासीको दाउन्ने बहुमुखी क्याम्पस र माविहरुमा संगठन विस्तार !

नवलपरासी - नेकपा( क्रान्तिकारी माओवादी) निकट अखिल क्रान्तिकारीले जिल्लाको तीनवटा शैक्षिक संस्थामा संगठन विस्तार गरेको छ ।



संगठनले बर्दघाटको दाउन्ने बहुमुखी क्याम्पसमा निकिता चौधरीको अध्यक्षतामा ११ सदस्सीय समिति गरेको छ ।

समितिको उपाध्यक्षमा बास्मती चौधरी , सचिवमा अनु चौधरी, सहसचिव निशा कोषाध्यक्ष खुसमा बनियाँ र सदस्यहरूका बिमला बनियाँलगायत रहनुभएको छ । त्यस्तै दाउन्ने माविमा बिशाल पल्ली मगर अध्यक्ष रहेको समिति गठन गरेको छ । समितिको उपाध्यक्ष पुष्पा लामिछाने , सचिवमा अजय हरिजन सहसचिवमा शर्मिला थारु र कोषाध्यक्षमा लक्ष्मी सुवेदी सदस्यहरूमा उमेशलगायत ११ सदस्सीय रहेका रहेको जनाइएको छ । त्यस्तै बाल्मिकी मावि बर्दघाट-१ सृष्टी पाण्डेको अध्यक्षतामा २५ सदस्सीय ईकाई समिति गठन भएको छ । ती शैक्षिक संस्थाहरूमा संगठनका केन्द्रीय सदस्यद्वय मनोज थापा र दिलबहादुर चुदाँराले सम्बोधन गर्नुभएको थियो ।

# आसेपासे र नातागोताहरू राजदुत बनाइए, एमसीसी पास गर्न भूमिका खेलेका बन्दीले मन्त्रीको ‘बक्सिस’ पाए



काठमाडौं । योग्य र सक्षम मान्छेहरूलाई भन्दा पनि आसेपासे र नातागोताहरूलाई शुभलाभका पदहरू बाँड्दै आएको संसदीय व्यवस्थाको सरकारले पछिल्लो पटक विभिन्न २० देशका राजदूत नियुक्तिमा आसेपासे र नातागोताहरूलाई नै छनौटमा पारेको छ ।

गत बिहीबार साँझ बसेको मन्त्रिपरिषद् बैठकले २० देशका राजदूत नियुक्तिका लागि सिफारिस गर्ने निर्णय गरेको थियो । सिफारिस भएकामध्ये सत्तारुढ पाँच दल निकट आठ जना परराष्ट्र सेवाका सहसचिवहरूलाई पनि भित्री सहमति अनुसार दलीय भागवण्डा अनुसार नियुक्त गरिएको छ । बाँकी १२ जनालाई राजनीतिक नियुक्तिका आधारमा सिफारिस गरिएको छ । राजदूत नियुक्तिको सिफारिसमा नेकपा एसको कोटामा सो पार्टीका अध्यक्ष माधवकुमार नेपालका बहिनी ज्वाइँ कैलाश पोखरेलदेखि ओली सरकारको नियुक्तिका कारण फिर्ता भएकी शर्मिला पराजुली ढकालसमेत छन् ।

पोखरेल अस्ट्रेलिया र पराजुली स्पेनका लागि सिफारिस भएको जनाइएको छ । त्यस्तै, श्रीलंकाको राजदूतका लागि सिफारिस भएका बासुदेव मिश्र ऊर्जामन्त्री तथा माओवादी केन्द्रकी नेता पम्फा भुसालकी बहिनी ज्वाइँ हुन् ।

चीनको राजदूतमा माओवादी कोटाबाट विष्णु पुकार श्रेष्ठ सिफारिसमा परेका छन् । त्यस्तै जसपाको कोटाबाट पूर्व सांसद नवराज सुवेदीले राजदूत बन्ने अवसर पाएका छन् । यसअघि श्रीलंकाको राजदूतबाट राजीनामा दिएका विश्वम्भर प्याकुरेलकी पत्नी ज्योति प्याकुरेललाई दक्षिण कोरियाको राजदूतमा सिफारिस गरिएको छ ।

प्रधानमन्त्री कार्यालयका अनुसार दक्षिण अफ्रिकामा दानबहादुर तामाङ र इजरायलमा शान्ता रिजालको नाम सिफारिस भएको छ भने जसपाका रामसुरज राय डेनमार्कका लागि सिफारिस भएका छन् । रसियाको राजदूतका लागि मिलन तुलाधर सिफारिस भएका छन् भने श्रीलंकामा बासुदेव मिश्र सिफारिसमा परेका छन् । उनीहरू सबै राजनीतिक दलको कोटाबाट भएका हुन् । त्यस्तै डिल्लीराज पौडेल मलेसियाको राजदूतमा सिफारिस भएका छन् ।

परराष्ट्र सेवाबाट सहसचिव दुर्गाबहादुर सुवेदी, घनश्याम भण्डारी, हरिशचन्द्र घिमिरे, तीर्थराज वाग्ले, डोरनाथ अर्याल, भरतकुमार रेग्मी र निर्मलराज काफ्लेको सिफारिस भएको प्रधानमन्त्री कार्यालयले जनाएको छ ।

त्यसैगरी एमसीसी जस्तो राष्ट्रघाती सम्झौता पास गर्न भूमिका खेलेबापत अधिवक्ता गोविन्द बन्दीलाई विशेष जिम्मा सहितको मन्त्री पद बक्सिस दिइएको छ । एमसीसी सम्झौताको विषयमा १२ बुँदे व्याख्यात्मक घोषणा तयार पारेर आफ्नो नाक जोगाइदिए वापत र ‘द्वन्द्वकालीन मुद्दा’मा देउवा र प्रचण्डलाई जेल जानबाट बचाउने सर्तमा अभिवक्ता बन्दीलाई कानुन मन्त्रीको रूपमा नियुक्त गरिएको छ - त्यो पनि सबै दलको साझा मन्त्रीको रूपमा । गैरसांसदलाई मन्त्री बनाउन पाइन्न भनेर वकालत गर्ने उनै बन्दी शान्तिप्रक्रियाका बाँकी काम पूरा गर्ने विशेष जिम्मा सहित मन्त्री बनाइएका छन् । तत्कालीन जनयुद्धमा राज्यपक्षबाट भएका मानवअधिकार उलंघनका घटनाहरूमा त्यतिबेला प्रधानमन्त्रीको रूपमा रहेका देउवा र विद्रोहीको तर्फबाट भएका मानवअधिकार उलंघनसम्बन्धी घटनाहरूमा माओवादी जनयुद्धको मूल नेतृत्वमा रहेका प्रचण्डलाई मुख्य दोषी करार गर्दै सजायको माग भइरहेको छ । जनयुद्धको बेला माओवादी नेताहरूको टाउकाको मूल्य तोक्ने शेरबहादुर देउवासँगै तत्कालीन माओवादीका नेताहरू अहिले घाँटी जोडेर हिडिरहेका छन् । द्वन्द्वकालीन मुद्दाबाट अन्तर्राष्ट्रिय कानुनबाट समेत छुटकारा दिलाउने सर्तमा बन्दीलाई मन्त्री बनाइएको स्रोतको दाबी छ ।

## सुकुम्बासीहरूको..

समस्या समाधान नहुने भन्दै उनीहरूले ०२६ सालमा राष्ट्रिय स्तरमा व्यापक रूपमा सरकारले नै पुनर्बास कम्पनी मार्फत् धेरै घरबार विहीनलाई बसोबासको व्यवस्था गरिए पनि स्थायी प्रमाण दिन नसक्दा उनीहरू नै सुकुम्बासीमा परिणत भएको दाबी गर्छन् ।

राजनीतिक दलहरूले सुकुम्बासी बस्तीलाई निर्णायक भोटको ‘राजनीतिक ब्याड’को रूपमा स्थापित गरेकाले नेपालमा हालसम्म कुनै पनि सत्तामा पुगेको राजनीतिक दलले सुकुम्बासी समस्याको समाधान गर्न सकेको राजनीतिक विश्लेषकहरूको दाबी छ । राजनीतिक विश्लेषक सहप्राध्यापक डा राजेन्द्र शर्मा भन्छन्, ‘पञ्चायतकालमा बरु सुकुम्बासी समाधानका काम भए । वन र सरकरी स्वामित्वको सार्वजनिक जग्गा अतिक्रमण गरेर बसेकाहरूलाई अर्को ठाउँमा पुनर्बास गराइएको थियो । तर ०४६ सालको प्रजातन्त्रपछि भने कांग्रेस र कम्युनिस्टले सुकुम्बासी समाधानको नाममा अनेक आयोगहरू गठन गरे । आयोगमा आफ्नै कार्यकर्ता भर्ती गरियो । अन्तर्राष्ट्रियस्तरमा कसरी सुकुम्बासी समस्या समाधान भए भनेर बुझ्न विदेश पनि घुमे । तर वास्तविक सुकुम्बासीलाई पहिचान गरेर ती आयोगहरूले एक सिन्को काम गरेनन् । बरु आयोगको नाममा करोडौं रूपैयाँ खर्च गरे ।’भोट ब्यांकका लागि सुकुम्बासी बस्तीलाई राजनीतिक ब्याड बनाउने दलहरूले सुकुम्बासी समस्या समाधान नगर्नुका पछाडि दुई कारण रहेको डा शर्माको बुझाइ छ । उनका अनुसार राजनीतिक दलहरूले सुकुम्बासीका सबै समस्या समाधान भएमा राजनीतिक ब्याड नै समाप्त हुने डर पालेका छन् । नेपालमा एकचौथाइ मतदाता नै सुकुम्बासी भएकाले १२ लाख घरधुरी सुकुम्बासीको समस्या समाधान गरे चुनावका बेला प्रमुख राजनीतिक एजेण्डा नै नहुने त्रास दलहरूमा रहेको उनको दाबी छ ।

डा शर्माका अनुसार राजनीतिक दल र सरकारले पनि सुकुम्बासी समस्या समाधान गर्ने बहानामा तिनैहरूलाई चुनावमा भोट ब्यांकको रूपमा प्रयोग मात्र गर्ने नीति बनाए । सुकुम्बासीको संख्या तीव्र रूपमा बढेपछि समाधान गर्ने उपाय निकाल्न सकेनन् । उपाय निकाल्न नसक्नु भनेको दलहरूले सुकुम्बासीलाई सकेसम्म निर्णायक भोट ब्यांकको रूपमा प्रयोग गर्ने अवसर पाउनु नै भएको उनको दाबी छ ।

मोर्चाको तथ्याङ्लाई मान्ने हो भने सुनसरीको इटहरी उपमहानगरको कुल मतदाता १ लाख ४ हजार ६ सय २६ मध्ये १४ हजार ६ सय मत सुकुम्बासीको मात्र छ । चितवनको कालिका नगरपालिकामा ३१ हजार १ सय ७५ मतदाता संख्या छ । तर २५ हजारभन्दा बढी त सुकुम्बासी मतदाता मात्रै छन् ।

झापाको दमक नगरपालिकाको कुल मतदता ५८ हजार १ सय ७६ मध्ये १६ हजार ८ सय मतदाता सुकुम्बासी नै छन् । यस्तै कैलालीको लम्केचुहा नगरपालिकामा कुल मतदाताको ३० प्रतिशत, टीकापुर नगरपालिकामा ३८ प्रतिशत नवल परासीको देवचुली नगरपालिकामा ४० प्रतिशत र रूपन्देहीको सैनामैना नगरपालिकामा ३० प्रतिशत मतदाता सुकुम्बासी छन् ।

मुलुकका ७ सय ५३ स्थानीय तहमध्ये अधिकांश स्थानीय तहमा कुनै त कुनै रूपमा सुकुम्बासी मतदाता निर्णायक हुने गरेको मोर्चाका अध्यक्ष कार्की बताउँछन् । मोर्चाले स्थानीय तहको चुनावअघि नै सुकुम्बासी समस्या समाधान गर्न ६८ जिल्लामा तीव्र दबाब दिएको छ ।

मनाङ, मुस्ताङ, डोल्पालगायत ९ जिल्लामा भने मोर्चाले ज्ञापनपत्र पुर्‍याउन सकेको छैन । मोर्चाले आयोग बनाउनुभन्दा पहिले फास्ट ट्र्याकबाट स्थानीय तहको सिफारिसमा जिल्ला नापी कार्यालयले नक्सांकनका लागि नापी गर्ने र जिल्लाको मालपोत कार्यालयबाट श्रेष्ता बनाएर सिधै लालपुर्जा वितरण गर्नुपर्ने माग राख्दै आएको छ ।

संसदवादी दलहरूले प्रत्येक चुनावमा घर, जग्गा दिनेलगायतका आश्वासन बाँड्ने गरेको तर त्यसअनुसार काम नगरेकाले अब आश्वासनमा नभुल्ने काठमाडौंका विभिन्न स्थानमा बस्दै आएका सुकुम्बासीहरूको भनाइ छ ।

संसदवादी दलहरूले २०७४ को स्थानीय तह निर्वाचनमा दलहरूले भूमिहीन तथा आवासविहीन (सुकुम्बासी), अव्यवस्थित बसोबासीलाई पाँच वर्षभित्र सुविधासम्पन्न घर उपलब्ध गराउने, भूमिमा स्वामित्व, खाद्यान्न तथा रोजीरोटीको व्यवस्था राज्यद्वारा नै सुनिश्चित गराउने घोषणापत्र जारी गरेका थिए । त्यही घोषणापत्रको बलमा दलका नेता-कार्यकर्ता जनप्रतिनिधि चुनिए तर पाँच वर्ष बित्दासम्म भूमिहीन, सुकुम्बासीले घरजग्गा त परको कुरा, बिमार पर्दा औषधिमूलो र कोरोना महामारीका बेला राहतसमेत पाएनन् ।

वडाले स्थानीय (काठमाडौं महानगरवासी) लाई मात्रै दाल, चामल, तरकारी राहत बाँडे तर भोकभोकै परेका सुकुम्बासी परिवारलाई कसैले सम्झिएनन् । वडालाई दाल-चामल छैन, चुलो निभ्यो भनेर खबर गर्दा ‘जहाँबाट नागरिकता र मतदाता नामावली बनाएको हो, उतै माग्नु’ भन्ने जवाफ दिएको पीडित सुकुम्बासीहरू बताउँछन् ।

सुरक्षित आवाससँगै सुकुम्बासीहरू शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगारीजस्ता सेवा-सुविधाबाट पनि वञ्चित छन् । बस्ने ठाउँको टुंगो नहुँदा त्रासैत्रासमा जीवन कटाइरहेका सुकुम्बासीहरू राज्य व्यवस्था परिवर्तनका साक्षी मात्रै भए । चुनाव आउँदा राजनीतिक दल आश्वासन बाँड्दै आइपुग्छन् । जितेर गएपछि खोजखबर गर्दैनन् ।

२०५७ सालदेखि भूमि अधिकारका क्षेत्रमा काम गर्दै आएको काठमाडौंस्थित नेपाल महिला एकता समाजका अनुसार काठमाडौंमा मात्रै ५५ वटा सुकुम्बासी बस्ती छन् । सबैको अवस्था उही छ । राष्ट्रिय योजना आयोगको पन्ध्रौं योजनापत्रमा अनुमान गरिएको १३ लाख यस्ता भूमिहीन र अव्यवस्थित बसोबासीमा महसुस हुने गरी राज्यको उपस्थिति हुन नपाएको भूमि अधिकारकर्मी जगत देउजाको भनाइ छ । उनका अनुसार भूमिहीन, सुकुम्बासी, अव्यवस्थित बसोबासीको समस्या समाधान गर्नुपर्छ, यो सामाजिक न्यायसँग जोडिएको समस्या हो, असमानता हटाउने हो भने जग्गा दिनुपर्छ भन्ने आमबुझाइ छ ।

बालुवाटार, नारायणहिटी दरबार लगायतका धेरै सरकारी सार्वजनिक जग्गा हडपेर निजी बनाउने र कौडीको मूल्यमा खरिद विक्री गर्न प्रधानमन्त्री, सचिवदेखि मन्त्रीहरू तथा दलका शीर्ष नेताहरूसहित भूमाफियाहरू लागिरहेको बेला झण्डै पाँच दशकदेखि समेत बसोबास गर्दै आएका भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको समस्या अहिलेसम्म समाधान गरिएको छैन । पटक पटक सुकुम्बासीहरूलाई दलका नेता कार्यकर्ताहरूले सत्ताको सिढी चढ्ने भऱ्याङ मात्र बनाएका छन् । यसको गहिरो बोध गरेका सुकुम्बासीहरूले आफू बसेको थातथलोको लालपुर्जा नपाएसम्म भोट नदिने अडान लिएका छन् । यो अडानलाई कायम राख्नुपर्ने सुकुम्बासीहरूको भनाइ छ । यो आन्दोलनको नेतृत्व गर्ने नेताहरूले धोका दिए वा सम्झौता गरे पनि आफूहरूले भोट नहाल्ने, चुनाव बहिस्कार गर्ने सुकुम्बासी बस्तीका मतदाताहरूको भनाइ छ ।

## बाग्लुङमा...

सबैलाई स्पस्ट पर्नु भयो । उक्त बैठक तथा प्रशिक्षण कार्यक्रममा केन्द्रिय सल्लाहकार समितिका अर्का सल्लाहकार सदस्य क. अमृत घर्ति मगर (प्रभाश) ले माओवादी केन्द्र नेतृत्वको स्थानीय सरकारले ताराखोला गाउपलिकामा बिकासको नाममा गरेको भ्रस्टाचार, अनिमियतता र अन्य अबैधानिक र अराजनीतिक गतिविधिको भण्डाफोर गर्नु भयो । उहाँले माओवादी केन्द्रको भ्रस्ट स्थानीय नेता तथा कार्य कर्ताहरूले गाउका सिधा साधा जनताहरूलाई बिकासको प्रलोभनमा पारेर वा झुक्याएर वा ललाई फकाई आफ्नो पार्टीमा प्रवेश गराउने भ्रम फैलाउने हुँदा उनीहरूको भ्रम र षड्यन्त्रप्रति सचेत रहन सबैलाई आग्रह गर्नुभयो ।

बैठकले अहिलेसम्मको कामको समिक्षा गर्नुका साथै अबदेखि, नियमित रूपमा बैठक बस्ने, पार्टीको नीति तथा कार्यक्रम समय समयमा जानाकारी गराउन जिल्ला सचिवलाई अनुरोध गर्ने, कार्यकर्ता प्रशिक्षणको व्यवस्था गर्न जिल्ला पार्टी सचिबसंग समन्वय गर्ने, संगठन निर्माण र बिस्तार गर्न जोड दिने, मासिक लेबी किटान गरी उठाउने, स्थानीय सरकारबाट प्राप्त हुने गाउ विकास र जनताका आधारभूत सेवा सुविधाकाका कार्यक्रम लागु गर्न/गराउन वडा कार्यालय र गाउ पालिकामा हस्तक्षेपकरी भूमिका खेल्ने, माओवादी केन्द्रका स्थानीय नेता कार्यकर्ताहरूले अनेक जालझेल गरी नेकपा (माओवादी केन्द्र) समर्थित स्थानीय नेता/कार्यकर्ताहरूलाई आफ्नो पार्टी प्रवेश गराउने जस्ता गैरराजनीतक कार्यको सशक्त बिरोध गर्ने र दलाल प्रतिक्रिवादी राज्यसत्ताका जनविरोधी र राष्ट्रबिरोधी नीति तथा कार्यक्रमको भण्डाफोर गर्ने प्रस्ताबहरू पारित गरेको छ ।

उक्त कार्यक्रममा गत साता बाख्रा पालनको समापन कार्यक्रमा राम्रो काम गर्ने केही महिला तथा पुरुष किसानहरूलाई सम्मान गर्ने हो भनी नेकपा (क्रान्तिकारी माओवादी) का इमान्दार कार्यकर्ताहरू मनु गुरुङ, कमला बिक, टिकाबहादुर गुरुङ, मन कुमारी गुरुङ र हिरासिंह छन्त्याल लगायत अन्य सिधा साधा व्यक्तिहरूलाई छुट्टै हलभित्र लगी उनीहरूको इच्छ्या बिपरित गाउपालिकाका उपाध्यक्ष दिलकुमारी पुन र वडा नम्बर १ का महिला सदस्य गौरी गुरुङले अबिर र खादा लगाई दिएर सो दिनदेखि उनीहरू मओवादीकेन्द्रमा प्रवेश गरेको भनी सामाजिक संजाल मार्फत प्रचार प्रसार गरेकाले उनीहरूको त्यस्ता गैर राजनीतिक कार्यको घोर भर्त्सना गर्दै मनु गुरुङ, कमला बिक, टिकाबहादुर गुरुङ, मन कुमारी गुरुङ र हिरासिंह छन्त्यालले संयुक्त प्रेस बिज्ञप्ति मार्फत आफुहरू अविचलित रूपमा नेकपा (क्रान्तिकारी माओवादी)मै आवद्ध रहेको जानाकारी गराउनुका साथै उनीहरूको गैरराजनीतिक कार्यप्रति सजग रहन सबैलाई आग्रह गरेका छन् । सोही अवसरमा नेकपा (क्रान्तिकारी माओवादी) को नीति तथा कार्यक्रमलाई मन पराउने तथा नेकपा (क्रान्तिकारी माओवादी) पार्टीप्रति आस्था तथा बिश्वास राख्ने लिलबहादुर बिक, शान्ति पुन, लिला बिक, भीमकुमारी बिक र छलिमाया बिक क्रान्तिकारी माओवादी पार्टीमा प्रवेश गरे । नव प्रबेशीहरूलाई सल्लाहकार समितिका सदस्य क. अमृत घर्ति मगरले रातो टीका लगाई दिएर स्वागत गर्नु भयो ।

# स्थानीय निर्वाचनको बहिष्कार : अर्थ र औचित्य



● किरण ●

***पुरानो राज्यसत्ता र व्यवस्थाअन्तर्गत नियमित रुपमा हुने निर्वाचनहरुमा प्रायशः जनताले कहिले नेपाली कांग्रेस, कहिले संशोधनवादी कम्युनिस्ट, कहिले कुनै अवसरवादी वा भ्रष्ट तत्वहरुलाई भोट हाल्ने र जिताउने काम गर्दै आएका छन् । यो चक्र पुरानै र नयाँ ढङ्गले पनि निरन्तर दोहोरिने गरेको छ । जसले जिते पनि मूलतः उस्तै, जनताका लागि उपलब्धि भने हात लाग्यो शून्य । न भोट दिन्न भन्ने अर्थात् 'नो भोट'को व्यवस्था छ, न त जिताइएको उमेदवारले गलत काम गरे उसलाई प्रत्याह्वान गर्न पाउने अधिकार छ । अनि नत मन परेका मान्छेहरुलाई जिताउन सक्ने अवस्था र परिस्थिति नै छ । चुनाव जित्न फर्जी मत हाल्ने र त्यसले पनि नपुगे मतपत्र च्यातेर भए पनि चुनाव जित्ने गरेको हामीले देखेका छौं । यसरी बारम्बार दोहोरिइ रहने यो चुनावी चक्र र चक्रब्यूहमा क्रमभङ्ग कहिले र कसरी हुने हो ? यो वर्तमान नेपाली राजनीतिको एक सर्वाधिक महत्वको गम्भीर प्रश्न हो***

२०७९ वैशाख ३१ गते संसदीय स्थानीय निर्वाचन हुन गइरहेको छ । हालै सम्पन्न हाम्रो पार्टी ने.क.पा. (क्रान्तिकारी माओवादी) को केन्द्रीय समितिको बैठकद्वारा स्थानीय निर्वाचनको बहिष्कार गर्ने निर्णय लिइएको छ । हामीले संसदीय निर्वाचनको प्रश्नलाई सिद्धान्त होइन कार्यनीतिको प्रश्नका रूपमा ग्रहण गर्दै आएका छौं । तदनुसार परिस्थितिको ठोस विश्लेषण गरी देश, जनता र क्रान्तिको हितमाथि ध्यान दिंदै संसदीय निर्वाचनको कुनै बेला उपयोग र कुनै बेला बहिष्कार गर्ने काम हुँदै आएको छ । यसरी नै वर्तमान सन्दर्भमा पनि देशको राजनीतिक परिस्थितिको ठोस विश्लेषण गरी कथित स्थानीय निर्वाचनको बहिष्कार गर्ने निर्णय लिइएको छ ।

अन्तर्राष्ट्रिय र नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासमा पनि संसदीय निर्वाचनको उपयोग र बहिष्कारको प्रश्नलाई रणनीतिक अर्थमा ग्रहण गर्ने चिन्तन तथा प्रवृत्ति देखा पर्दै आएका छन् । यिनको मार्क्सवादसित कुनै साइनो छैन र यिनको हामीले विरोध गर्दै आएका छौं ।

अहिले पार्टीद्वारा देशमा हुन गइरहेको स्थानीय निर्वाचनको बहिष्कार गर्ने जुन महत्वपूर्ण निर्णय लिइएको छ त्यसको वास्तविक अर्थ र औचित्यबारे स्पष्ट हुन जरुरी छ । स्थानीय निर्वाचनको बहिष्कार सम्बन्धी यो निर्णय वर्तमान नेपालको ठोस राजनीतिक परिस्थितिको ठोस विश्लेषणमा आधारित छ । यस प्रकारको विश्लेषण र निर्णयका मूल पक्ष र आधार यी हुन् :

पहिलो, वर्तमान दलाल तथा नोकरशाही पुँजीपति र सामन्त वर्गीय राज्यसत्ता तथा संसदीय व्यवस्थाद्वारा राष्ट्रियता, जनतन्त्र र जनजीविकाका आधारभूत र ज्वलन्त समस्याहरूको समाधान कुनै पनि हालतमा हुन सक्दैन भन्ने कुरा दिनको घाम जत्तिकै छर्लङ्ग हुँदै गइरहेको छ । यस स्थितिमा यस प्रकारको राज्यसत्ता तथा व्यवस्थाको विरोध र विकल्पमा संघीय जनगणतन्त्रको स्थापनार्थ संघर्षलाई अनिवार्य रूपमा विकसित तुल्याउन आवश्यक छ । यस निम्ति स्थानीय निर्वाचनको बहिष्कार नै संघर्षको उपयुक्त माध्यम र रूप देखिन आउँछ ।

दोस्रो, देशको राष्ट्रिय स्वाधीनताको रक्षाको प्रश्न दिन प्रतिदिन गंभीर र जटिल बन्दै गएको छ । लिम्पियाधुरा, कालापानी र लिपुलेकका साथै सुस्ता लगायतका नेपाली भूभागमा भारतीय हस्तक्षेप र अतिक्रमण भएकोमा सत्ताधारी र प्रतिपक्ष मौन बसेका छन् । त्यति मात्र होइन, अमेरिकी साम्राज्यवादद्वारा जवर्जस्ती थोपरिएको एमसीसी संझौता भर्खरै संसदको कथित बहुमतद्वारा अनुमोदन गरिएको छ । यस प्रकारका बाह्य हस्तक्षेप र राष्ट्रघाती कुकृत्यका विरुद्ध सशक्त प्रतिरोध दर्ज गर्ने काम स्थानीय निर्वाचनको बहिष्कार गरेर नै हुन सक्दछ र हुन्छ ।

तेस्रो, वर्तमान राज्यसत्ता र व्यवस्थाका सञ्चालक र सरकारले समस्त अधिकार अझै केन्द्रमा केन्द्रित गरेर राखेका छन् । बनजङ्गल, जडीबुटी, नदीनाला, जमिन तथा भूसम्पत्ति, खनिज, विकास, निर्माण, स्रोत साधन लगायत सबै क्षेत्र र काममा जनसमुदाय तथा स्थानीय निकायलाई वास्तविक अधिकार तथा स्वायत्तता प्रदान गरिएको छैन । त्यति मात्र होइन, सिंह दरवारमा हुँदै आएको भ्रष्टाचार स्थानीय तहसम्म लगिएको छ । यी कुराको वास्तविक विरोध र भण्डाफोर बहिष्कार आन्दोलनद्वारा नै हुन सक्दछ ।

चौथो, पहिले हुने गरेका निर्वाचनमा जस्तै अहिलेको निर्वाचनमा पनि प्रतिक्रियावादी, अवसरवादी, कम्युनिस्ट नामधारी संशोधनवादी तथा भ्रष्ट तत्वहरूद्वारा पैसाको खोलो बगाउने स्थिति स्पष्टै देखिन्छ । सत्ताधारी तथा प्रतिपक्षी राजनीतिक दलहरूद्वारा अत्यधिक रूपमा शक्ति, स्रोत तथा साधनको दुरूपयोग हुँदै आएको र अहिले पनि गरिने अवस्था रहेको छ । स्वच्छ र निष्पक्ष निर्वाचनको संभावना देखिंदैन । यस स्थितिमा निर्वाचनको बहिष्कार गर्नु नै सही र उपयुक्त देखिन आउँछ ।

पाचौं, मजदुर, किसान, महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम तथा पिछडिएका क्षेत्रका उत्पीडित वर्ग र जनसमुदायका जनतान्त्रिक अधिकार र जनजीविकाका समस्या निकै विकराल र जटिल बन्दै गएका छन् । सत्ताधारी वर्गका नेताहरू जनतामाथि अधिनायकवाद लागु गरेर उत्कृष्ट लोकतन्त्र तथा समाजवादका कुरा गर्छन् । त्यसैगरी उनीहरू देशको सिङ्गो अर्थतन्त्रलाई साम्राज्यवादी नवउदारवाद र भारतीय विस्तारवादको चङ्गुलमा फसाएर विकास र समृद्धिको भाषण गर्छन् । देशको प्रतिक्रियावादी शासकवर्गले प्राकृतिक तथा मानवीय स्रोत साधनले समृद्ध नेपाललाई अति विपन्न र भीखमङ्गा देशमा परिणत गर्न गइरहेका छन् । बहिष्कार आन्दोलनको क्रममा यी विषयलाई सशक्त रूपमा उठाउन जरुरी छ ।

छैटौं, नेपालमा संशोधनवाद अत्यन्तै हावी बनेर गएको छ । सत्ता र सरकारमा रहिआएका नामधारी कम्युनिस्टहरू प्रतिक्रियावादी राज्यसत्ता तथा व्यवस्थाका भरपर्दा संरक्षक र बफादार चाकर बन्न गएका छन् । त्यतिमात्र होइन उनीहरू भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादका 'विश्वसनीय' दलालमा परिणत भएका छन् । त्यसैले यो बेला दक्षिणपन्थी संशोधनवादको विरोध र भण्डाफोरका लागि पनि स्थानीय निर्वाचन बहिष्कार अत्यन्तै आवश्यक बन्न गएको छ ।

नेपाली राजनीतिमा संसदीय निर्वाचनको उपयोग वा बहिष्कारका सन्दर्भमा कतिपय गलत ढङ्गका प्रश्नहरू उठ्ने गर्दछन् । कतिले के भन्दछन् भने आन्दोलनको उभारको बेला बहिष्कार र उतार अर्थात् मन्दीको बेला उपयोगको नीति सही हुन्छ । त्यस्तै कतिले के पनि भन्ने गर्दछन् भने निर्वाचनलाई असफल बनाउन सके मात्र बहिष्कार सार्थक हुन सक्दछ अन्यथा होइन । प्रतिक्रियावादी राज्यसत्ता अन्तर्गत् गरिने उपयोग वा बहिष्कारको प्रश्नलाई हामीले रुढीवादी, यान्त्रिक र अधिभूतवादी दृष्टिकोणका आधारमा होइन विकसित तथा परिवर्तित राजनीतिक सन्दर्भ र परिस्थिति माथि आवश्यक ध्यान दिंदै द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी विश्व दृष्टिकोणका आधारमा सिर्जनात्मक ढङ्गले हेर्नु पर्दछ ।

प्रतिक्रियावादी राज्यसत्ता तथा व्यवस्थाका विरुद्ध नयाँ जनवादी राज्यसत्ताको स्थापना गरी वैज्ञानिक समाजवाद तर्फ अगाडि बढ्ने उद्देश्यमा आधारित विभिन्न जनआन्दोलन, दशवर्षे जनयुद्ध र संघर्षहरूमा ठुलो संख्यामा जनताले सहादत प्राप्त गरे, कैयौं बेपत्ता पारिए, कैयौंको अङ्गभङ्ग भयो । परन्तु, ती संघर्षहरूमा अनेकौं षडयन्त्र, धोका र गद्दारी भए । ती संघर्षहरूमा अभिव्यक्त जनताका आशा, अपेक्षा र सपना साकार हुन सकेनन् । यो स्थितिबाट जनता अत्यन्तै आहत र पीडित हुँदै आएका छन् । यो परिस्थितिको एउटा पाटो हो ।

यसरी नै परिस्थितिको अर्को पाटो पनि छ । पुरानो राज्यसत्ता र व्यवस्थाअन्तर्गत नियमित रूपमा हुने निर्वाचनहरूमा प्रायशः जनताले कहिले नेपाली कांग्रेस, कहिले संशोधनवादी कम्युनिस्ट, कहिले कुनै अवसरवादी वा भ्रष्ट तत्वहरूलाई भोट हाल्ने र जिताउने काम गर्दै आएका छन् । यो चक्र पुरानै र नयाँ ढङ्गले पनि निरन्तर दोहोरिने गरेको छ । जसले जिते पनि मूलतः उस्तै, जनताका लागि उपलब्धि भने हात लाग्यो शून्य । न भोट दिन्न भन्ने अर्थात् 'नो भोट'को व्यवस्था छ, न त जिताइएको उमेदवारले गलत काम गरे उसलाई प्रत्याह्वान गर्न पाउने अधिकार छ । अनि नत मन परेका मान्छेहरूलाई जिताउन सक्ने अवस्था र परिस्थिति नै छ । चुनाव जित्न फर्जी मत हाल्ने र त्यसले पनि नपुगे मतपत्र च्यातेर भए पनि चुनाव जित्ने गरेको हामीले देखेका छौं । यसरी बारम्बार दोहोरिइ रहने यो चुनावी चक्र र चक्रब्यूहमा क्रमभङ्ग कहिले र कसरी हुने हो ? यो वर्तमान नेपाली राजनीतिको एक सर्वाधिक महत्वको गम्भीर प्रश्न हो ।

पुरानो राज्यसत्ता र व्यवस्थाका पक्षधर र संशोधनवादीहरू यस चुनावी चक्र र चक्रव्यूहलाई अझै शताब्दीऔं सम्म बारम्बार दोहोऱ्याइ रहने पक्षमा छन् । तर, परिवर्तन प्रेमी नेपाली जनता सहित हाम्रो पार्टी यस चुनावी निरन्तरतामा क्रमभङ्ग गर्ने पक्षमा छ । स्थानीय निर्वाचन बहिष्कारको असली अर्थ र औचित्य यस निरन्तरतामा क्रमभङ्गको दिशामा परिलक्षित विचार, दृष्टिकोण र आन्दोलनमा रहेको छ । २०७८ चैत्र १९ गते


## गोकुलगंगा गाउँपालिका कार्यालयको जानकारीमूलक सूचना

### जन्म दर्ताको लागि आवश्यक कागजातहरू

- व्यहोरा खुल्ने गरी विवरण भरेको सूचना फाराम ।
- बालबालिकाको बाबु/आमाको नेपाली नागरिकताको प्रतिलिपि ।
- चालु आ.व.सम्मको मालपोत र घरजग्गा कर वा सम्पत्ति कर तिरेको रसिद ।
- अस्पतालमा जन्म भएको हकमा सम्बन्धित अस्पतालले जन्म प्रमाणित गरेको परिचयपत्रको प्रतिलिपि ।
- अन्य गाउँपालिका वा नगरपालिकाबाट बसाइसरी आएको भए बसाइसराइ दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

### मृत्यु दर्ताको लागि आवश्यक कागजातहरू

- व्यहोरा खुल्ने गरी विवरण भरेको सूचना फाराम ।
- मृतकको नागरिकता र सूचना दिन आउनेको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
- मृतकसँग सम्बन्ध जोडिने प्रमाणपत्र ।
- सूचना दिने व्यक्तिको नागरिकता नभएमा स्थानीय सर्जमिन मुचुल्का ।
- चालु आ.व.सम्मको मालपोत र घर जग्गा कर सम्पत्ति कर तिरेको रसिद ।
- अन्य गाउँपालिका वा नगरपालिकाबाट बसाइसरी आएको भए बसाईसराइ दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

### विवाह दर्ताको लागि आवश्यक कागजातहरू

- दुलाहा-दुलही दुवै उपस्थित भई व्यहोरा खुल्ने गरी विवरण भरेको सूचना फाराम ।
- दुलाहा-दुलहीको नागरिकताको प्रमाणपत्र/जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि ।
- दुलहीको नागरिकता नभएमा बाबु/आमा दाजुभाइको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- चालु आ.व.सम्मको मालपोत र घर जग्गा कर वा सम्पत्ति कर तिरेको रसिद ।
- अन्य गाउँपालिका वा नगरपालिकाबाट बसाइसरी आएको भए बसाइसराइ दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

### सम्बन्ध विच्छेदको दर्ताको लागि आवश्यक कागजातहरू

- व्यहोरा खुल्ने गरी विवरण भरेको सूचना फाराम ।
- अदालतबाट सम्बन्ध विच्छेद भएको फैसलाको प्रमाणित प्रतिलिपि
- पतिपत्नीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि १/१ प्रति ।
- चालु आ.व.सम्म घर जग्गा र मालपोत कर वा सम्पत्ति कर तिरेको रसिद ।

### बसाइसराइ दर्ताको लागि आवश्यक कागजातहरू

- व्यहोरा खुल्ने गरी विवरण भरेको सूचना फाराम ।
- नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- बसाइसराइ गरी जाने आउने परिवारको विवरण ।
- जहाँ जाने हो त्यस ठाउँको जग्गाधनीको प्रमाणपुर्जा ।
- बसाइसराइ गरी आउनेको हकमा बसाइसराइ गरी ल्याएको प्रमाणपत्र
- जाने-आउने सबै व्यक्तिको नागरिकता/ जन्मदर्ताको प्रतिलिपि ।
- चालु आ.व.सम्म घर जग्गा र मालपोत कर वा सम्पत्ति कर तिरेको रसिद ।

प्रमुख प्रशासकीय अधिकृत

**गोकुलगंगा गाउँपालिका कार्यालय**

भीमसेनस्थान रस्नालु रामेछाप

# दुई दिवसीय कथा सङ्गोष्ठी सम्पन्न








गोरखा । मार्क्सवादी धाराका कथाकारहरूले आफ्ना कथाहरूको गम्भीरतम् चिरफार गरेका छन् । इच्छुक सांस्कृतिक प्रतिष्ठानको आयोजनामा गोरखा बजारको हरमटारीमा 'कथा समीक्षा तथा प्रशिक्षण कार्यक्रम' मार्फत् उनीहरूले आफ्ना रचनाहरूमाथि समीक्षा गरेका हुन् ।

यही बैसाख २ र ३ गते दुई दिनसम्म सञ्चालन गरिएको कार्यक्रममा पहिलो दिन पन्ध्र वटा कथाहरूमाथि स्वयम् लेखकहरू र समालोचकहरूबाट कथाका सवल दूर्वल पक्षहरूमाथि विहङ्गम रूपमा समीक्षा गरिएको थियो । दोस्रो दिन समाजवादी यथार्थवादी धारामा कथा कसरी लेख्ने, कला र विचारको सन्तुलित समायोजन कसरी मिलाउने, मार्क्सवादी धाराका आख्यानकारहरूलाई मानक आख्यानकारका रूपमा कसरी उठाउने भन्ने विषयमा प्रशिक्षण दिइएको कुरा प्रतिष्ठानका सदस्य सचिव मित्रलाल पंज्ञानीले बताए ।

उक्त कथा लेखन र समीक्षा सम्बन्धी दुई दिवशीय सङ्गोष्ठीमा पहिलो दिन पन्ध्र जना कथाकारहरूका कथामाथि चिरफार गरिएको थियो । सबै कथाकारहरूले सबैका कथामाथि पाठकीय तथा स्वयम् समीक्षक भएर आआफ्ना धारणा राखेका थिए भने समालोचक द्वय प्रा.डा.जगदीशचन्द्र भण्डारी र प्रा.डा.ताराकान्त पाण्ड्ेय तथा आख्यानकारहरू इस्माली र रोशन जनकपुरीले कथाहरूमा प्रयुक्त विचार र कलाको सुक्ष्मतम् ढङ्गबाट समीक्षा गरेका थिए । दोस्रो दिन जगदीशचन्द्र भण्डारी, तारकान्त पाण्ड्ेय, इस्माली र रोशन जनकपुरीले कथा लेखन सम्बन्धी प्रशिक्षण दिएपछि प्रतिष्ठानका अध्यक्ष हिरामणि दुःखीले कार्यक्रमको आवश्यकता र दुइदिने कार्यक्रमको सङ्क्षिप्त समीक्षा गरी कार्यक्रमको समापन गरेका थिए । यो कार्यक्रम आफैमाथिको चिरफर रहेको आयोजक संस्था इच्छुक सांस्कृतिक प्रतिष्ठानले जनाएको छ । दुई दिने कार्यक्रमको अध्यक्षता प्रतिष्ठानका अध्यक्ष हिरामणि दुःखीले गरेका थिए भने सदस्यसचिव मित्रलाल पंज्ञानीले कार्यक्रमको रूपरेखा प्रस्तुत गर्दै, सहभागी सबैलाई स्वागत गरेर कार्यक्रम सञ्चालन गरेका थिए ।

सङ्गोष्ठीमा सहभागी कथाकारहरू र उनीहरूका कथा शीर्षक यहाँ प्रस्तुत गरिएको छ- अनिल श्रेष्ठ (बन्दी बुबालाई पत्र), खगेश्वर सापकोटा (दिल बहादुरको राजनीतिक यात्रा), खगेश्वर भण्डारी (प्रताप सर), गौरी देवकोटा (आमालाई चिठी), मोदनाथ मरहट्ठा (नारी दिवस), शिला योगी (पलक), परशुराम कोइराला (नयाँ युग), नारायण मरासिनी (बिहेको निम्तो), पूर्णबहादुर अधिकारी (श्यामदाइ सभास्थलबाट हिंडे), हिरामणि दुःखी (सपनाको हत्यापछि), क्षितिज मगर (बहिर्गमन), कृष्णराज अधिकारी (पीडाको पहिरो), विजयराज आचार्य (सारस र मानिस), छायादत्त न्यौपाने (बिरामी विवेक) र मित्रलाल पंज्ञानी (डरलाग्दो परिवर्तन) । कथाकार समालोचक सहित कार्यक्रममा अन्य दश जना लेखक साहित्यकारहरूको पनि उपस्थिति रहेको थियो ।

❑ यो साताको कविता

## इतिहास



❑ इन्दिरा सुनाखरी ❑

परिवारवाद
नातावाद
गुटवाद
पदलोलुप्तवाद
व्यक्तिवाद
अवसरवाद
लम्पसारवाद र फुटवाद
यिनका
अहंकार
घमण्ड
छलछाम र षड्यन्त्रको लेखाजोखामा
राष्ट्रियता राता अश्रुधारा भएर बगिरहेको छ ।

एकापट्टी - वीर रसको अध्याय
अर्कोपट्टी - विभत्सता
एकापट्टी - उद्धार
अर्कोपट्टी - हिंसा , बलात्कार र हत्या
एकापट्टी - सुख र समृद्धको झुटो नारा
अर्कोपट्टी - भ्रष्टाचार , अपराध ,जनघात र राष्ट्रघात ।

विगत उधिन्दा
इतिहास
राता अक्षरले पोतिएको छ ।
हुनत ,
इतिहास ,वर्तमानको दृष्टिचेत हो
इतिहास वर्तमानको गतिशील आँखा र अनुहार हो ।

स्वतन्त्रताको कुरा
अस्तित्वको कुरा
पहिचानको कुरा
सार्वभौमसत्ताको कुरा
सिङ्गो देशको कुरा
यो ऐतिहासिक सत्य हो ।

आज अर्थात वर्तमान
भ्रष्ट ,
दलाल ,
माफिया,
तस्कर ,
अनि
काला घटना र परिघटनाको अखडा बनेको छ ।

सरासर ,
यो अपराध हो
यो जनघात हो
यो राष्ट्रघात हो र
सिङ्गो माटोको बर्बाद हो ।

यो समय ,
यिनले आयोजना गरेका गतिविधिमा सहभागी हुनु भनेको
रास्ट्र र जनता प्रती गरिने अर्को धोका हो ।
यो महाअपराध हो

तसर्थ ,
उन्नत माटोको जग बसाल्न
वर्तमान
क्रान्ति
शान्ति र राष्ट्रको सम्पुर्ण शक्ति
स्वर्ण युगको निमित्त उठ्नुपर्छ
नयाँ बिहानीको उदय हुनुपर्छ ।


## टाइफाइड खोप अभियान-२०७८/७९

***यो खोप क-कसले लिन जरुरी छ ?***

यो खोप १५ महिना वा सो भन्दा माथि उमेर समूहका सबै व्यक्तिहरूले लिन मिल्छ तर हालको अभियानमा १५ महिनादेखि १५ वर्ष मुनिका बालबालिकाहरूले लगाउनु पर्दछ । सो पछि नियमित खोप मार्फत १५ महिनाका प्रत्येक बालबालिकाहरूले टाइफाइड विरुद्धको एक मात्रा खोप अनिवार्य लिनुपर्दछ ।

***यो खोप कसले लगाउनु हुँदैन ?***

यो खाप विगतमा कुनै खोप लिंदा गम्भीर प्रकारको प्रतिक्रिया देखा परेको वा कुनै खाना वा अन्य वस्तुबाट कडा एलर्जी भएको भए, एड्सको लक्षण देखा परेको अवस्थामा दिनु हुँदैन । साथै हाल उच्च ज्वरो आएको वा सिकिस्त बिरामी भएको अवस्थामा दिनु हुँदैन, तर बिरामी ठीक भइसकेपछि यो खोप लिन सकिन्छ ।

***यो खोप लगाएपछि के-के असरहरू देखिन सक्छ ?***

टाइफाइड विरुद्धको खोप लगाएपछि अन्य खोपहरूमा जस्तै केही सामान्य (सुई लगाएको ठाउँमा रातो हुने, सुन्निने र दुख्ने, हल्का ज्वरो आउने, टाउको दुख्ने, हातगोडा तथा जोर्नीहरू दुख्ने आदि) असरहरू हुन सक्छन् र यस्ता सामान्य असरहरू विस्तारै आफै ठीक भएर जान्छन् । खोप लगाएपश्चात यस्ता लक्षणहरू बाहेक अन्य स्वास्थ्य जटिलता देखा परेमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राख्नु पर्दछ ।

***टाइफाइड विरुद्धको खोप कहाँ र कहिले ?***

**कुशेश्वर आ.वि. साल्मे** २०७९/१/४
**धनेश्वरी आ.वि. निगुरे** २०७९/१/४
**नवज्योति आ.वि. रुपदेखानी** २०७९/१/५
**जनज्योति आ.वि. लेखर्क** २०७९/१/६
**कठेश्वर मा.वि. टोकरपुर** २०७९/१/७

**दोरम्बा गाउँपालिका**
**गाउँपालिका कार्यालय**
**थामचौर, रामेछाप**

## नेपालमा...

प्रकृति दलाल-नोकर शाही पुँजीवादी उत्पादन सम्बन्धलाई सेवा गर्ने खाल्को भएकोमा संकागर्न पर्दैन्) । समर्थन गेरका छन् । यसले अन्तत्वगत: साम्राज्यवादी शक्तिकै पक्षपोषण गर्नेछ । अहिले नेपाली काग्रेस र सरकारमा पुगेका संसदीय कम्युनिष्टका बीच एम.सि.सि. पारित गेर कुनै फरक नभएको घोषणा गेरका छन् । यिनीहरुले नेपाललाई अमेरिकी साम्राज्यवादको नव उपनिवेश वनाएकाछन् । स्पष्ठ यिनीहरुबाट नेपालको अर्ध-सामन्ती तथा अर्ध-औपनिवेशिक स्थिति खतम भई राष्ट्रिय पुँजीवादी (जनवादी) अर्थतन्त्रको निर्माणद्धारा समाजवादी संक्रमणको पृष्ठभूमि तयार गर्ने व्यवस्था हुन सक्तैन । त्यसैले यहाँ क्रान्तिकारी शक्तिहरूको नयाँ नेतृत्वको आवश्यकता छ र नयाँ राजनीतिक शक्ति निर्माणको आवश्यकता छ जो गरिव, किसान र श्रमजीवी जनतामैत्रि होओस् र राष्ट्रिय पुँजीवादी संरचनाको विकास र सदृढीकरणबाट सामन्तवाद र विदेशी दलाल पुँजीवादको ( Foreign Monopoly capitalism) आर्थिक मेरुदण्डमाथि आघात पुऱ्याई विकल्प वन्न सकोस् ।


*पाद टिप्पणी*

१) २० औ शताब्दीको प्रारम्भमा चीन पनि सामन्ती तथा अर्ध- औपनिवेशिक मुलुक थियो । चीनमाथि साम्राज्यवादी मुलुकहरुको प्रभुत्व थियो । सन् १९११-१३ को सिकाई क्रान्तिले त्सिङ-वंशको (राजतन्त्र) सत्ता पल्टाई दियो तर सामन्ती तथा साम्राज्यवादी उत्पिडनको अन्त्य गर्न सकेन ।

२) एक सामाजिक आर्थिक संरचनाको पतन र दोस्रोको अविर्भावको अवधिमा उतपादन सम्बन्धको दुई मुख्य रूपको अतिरिक्त संक्रमणात्मक उत्पादन सम्बन्ध ९त्थबितथ्लतक या उचयमगअतथ्लo पनि प्रकट हुन्छ, जसले भिन्न-भिन्न प्रकारको आर्थिक सम्बन्धलाई एक आर्थिक ढाँचामा ऐक्यबद्ध गर्दछ । जस्तो: आदिम सामुदायिक प्रणालीको ह्रासको अवधिमा पितृसत्तात्मक परिवारमा रहेको कविला-सम्बन्धमा अवशेष दास -सवामी सम्बन्धका अंकुरहरुसँग मिलेका थिए । दास -स्वामि सम्बन्धको दास -अवधिमा अनेक देशमा यस्ता क्षेत्रहरू प्रकट भए जहाँ दास -स्वामी सम्बन्ध र सामन्ती सम्बन्धका तत्वहरूका विद्यमान थिए । त्यसरी नै सामन्ती सम्बन्धको दासको अवधिमा पनि सामन्ती सम्बन्ध र पुजीवाद सम्बन्धका तत्वहरू विद्यमान रहन्छन् । नेपालमा पनि त्यो अवस्थालाई "अर्ध-सामन्ती भनियो । यसमा पहिलेको अवस्थामा धेरै फेरबदल भएको छ । तर त्यो मात्रात्मक परिवतन हो । त्यसले गुणात्मक फड्को मार्दा नैंया उत्पादन सम्बन्धमा अर्थात पुजीवादी सम्बन्धमा फड्किने हुन सक्छ ।

३) लेनिनले "रुसमापुँजीवादको विकास, १८९९" लेखिरहदा उनले पुँजीवादको उत्पत्तिको अध्ययनको मुख्य मुद्दा यो कुराको पत्ता लगाउनु थियो कि ठीक कहाँ र कसरी यसको जन्म भयो । तसर्थ हामीले पनि यस तथ्यमाथि विचार गर्नु परेको छ कि सामन्त वादको ह्रस र पुँजीवादको उत्पतीका बीच सीमारेखा ठीक कहाँबाट भएर अघि बढ्छ । अहिले नेपाली समाज पुँजीवाद भएको जुन भनाईहरू बाहिर आएका टन् , तिनमा लेनिनले भने भै साउन्तवादको ह्रास र पुँजीवादको उत्पतिका बीचको सीमारेखा छुट्याउने आधार वैज्ञानिक छन् कि छैनन् हामीले हेर्ने विषय तिनै हो ।

४) V.i.lemin (1913) " Agrarian problem and modern situation या Russia र पुरानो नैसर्गिक, अर्ध-सामन्ती अर्थ व्यावस्था ध्वस्त भइसकेको छ जब कि नयाँ पुँजीवादी अर्थव्यवस्थाका लागि अवस्थाहरू अझै तयार भएको छैन । नेपालमा दुई प्रकारको कृषि प्रणाली प्रचलित छ : परम्परागत खेती (Subsistence) र ब्यवशायिक /८० प्रतिशत भन्दा बढी कृषि परम्परागत-हात मुख जोर्ने उदेश्यले बाँकी कृषि अर्ध-ब्यबसायी प्रकारको छ । (Arun Panday Republica 20, oct 2014)

५) C.K lal/Republica/ June 23, 2014./ The reaming coalition appeases to be under the repression that it will remain in power for as long as it continues to have the backing of the permanent Establishment of the nature ( PEON) and its various instruments sunning the state Electoral controls are necessary façade of deucocracybut not important component of the seal power balance . In addition to earning the faith of PEON learning from a certain neighboring country that never hesitates from exercining its veto power in the internal affair of Nepal is much more important than courting a dispirited electoral in any case, the general elections that le -gitimize the executive are still years away)

६) कार्ल मार्क्सले भनेका छन् 'सानु जोत भएको किसानको खेती र स्वतन्त्र दस्तकारिता (handicrafts), उक्त दुवैमिलेर उत्पादनको सामन्ती प्रणालीको आधार बन्दछ , र सामन्ती व्यवस्था भंग भएपछिको पुँजीवादी प्रणालीका साथ पनि यी पाईन्छन् । यसको अतिरिक्त यी प्रचीन सन्सारको समुदायका सर्वोतम समयमा तिनका पनि आर्थिक आधार वनेका थिए । यो भनेको त्यो समय थियो, जबकी भूमिमाथिको सामुहिक स्वामित्वका आदिम रूप नष्ट भईसकेको थियो तर उत्पादनमा भने अझै पनि दासप्रथाको पूर्णता कायम भैसकेको थिएन (पुँजी,खण्ड १, १९८७ : ३५९, मास्को : प्रगति प्रकाशन) । उषा पटनायकले भनेकि छन् '...वास्तविक अस्तित्वमा रहेको कुरो भनेको सामन्तवादको आधारशीलाको रूपमा सानु उत्पादन र सामन्ती अर्थतंत्रको विघटन पछि पुँजीवादतर्फ संक्रमणको रूपमा सानु माल-उत्पादन हो, जुन दुवै सामाजिक उत्पादन सम्बन्धअन्तर्गत रहन्छन् (1979, journal of peasant studies,vol-6, no- 4, july).

**सन्दर्भ सामग्रीहरु :**

1)Nepal living Standard Survey (2011),C.B.S.Nepal

2 ) L e n i n , V.I,(1977)C.W,.Vol-22 Moscow:ProgressPublishers.

3),, ,, ,, ,, C,w,Vol- 3, ,,

4)D. Seddan David, at. al. (1979)Peasants and workers in Nepal

5)Anuradha M. Chenoy (2011) Kathmandn Post, 24 Aujust.

६) सिमोनिया, न.अ(१९८८), पूर्व मे पुँजीवाद का भाग्य, मास्को: प्रगति प्रकाशन ।

७) मार्क्स, कार्ल (१९८७), पुँजी, १, मास्को: प्रगति प्रकाशन ।

८) Utsa Patnaik (1979) Journal of Peasant Studies, Vol-6, No-4, July ।

९) S.P. Trapeznikov (1981), Leninism and Agrarian and Peasant Question, Vol-1, Moscow: Progress Publishers.

10)Arun Pandey (2014,Oct.20) Republica daily.

11)C.K.Lal (June 23,2014), Republica daily.

12)कार्ल मार्क्स (१८८५) लुई बोनापार्टको अठारौं ब्रुमेर, काठमाडौं प्रगति पुस्तक

१३) मुरारी अर्याल (२०४९), झिल्को, वैसाख, पुर्णाङ्क -१७, अंक-१, वर्ष-१३ ।


## मोरङ...

यही वैशाख ३० गते शेरबहादुर देउवा सरकारले गराउने निर्वाचनको सक्रिय बहिष्कार गर्ने घोषणा गरिसकेको छ ।

पहलो चरण अन्तर्गतको प्रचारप्रसारको कार्यक्रममा आक्रमक रूपमा जुटेको क्रान्तिकारी माओवादीले प्रदेश नम्बर १ को राजधानी समेत रहेको विराटनगरका हरेक चौक तथा बस्तीहरूमा पोष्टर टाँसेको देखिन्छ ।

हत्या, हिंसा, दमन, लुट, आतक, भ्रष्टचार अन्याय, अत्याचार र राष्ट्घात गर्ने वर्तमान प्रतिक्रियावादी राज्यसत्ता तथा व्यवस्थाका विरुद्ध र विकल्पमा जनगणतन्त्रको स्थापनाका लागि संघर्षमा उत्रन उद्घोष गर्दै क्रान्तिकारी माओवादीले मोरङ जिल्लाभरी पोष्टर टाँस्ने, पर्चा वितरण गर्ने काम गरिरहेको नेकपा (क्रान्तिकारी माओवादी) का जिल्ला इन्चार्ज विद्रोहीले बताउनु भयो ।

उहाँले मोरङ जिल्लाका १७ वटै स्थानीयतहमा पम्पलेट टाँस्ने तथा जनताका घरदैलोमा पुगेर निर्वाचन बहिष्कारको औचित्य नागरिकलाई बुझाउने काम भैरहेको जानकारी दिनु भयो ।

यसरी नै क्रान्तिकारी माओवादीले प्रदेश १ का १४ वटै जिल्लामा प्रतिक्रियावादी निर्वाचन बहिष्कारको कार्यक्रमलाई अगाडि बढाएको नेकपा९क्रान्तिकारी माओवादी० का प्रदेश सेक्रेटरी उदयले बताउनु भयो । उहाँले वर्तमान राज्यसत्ताका कार्यपालिका, व्यवस्थापिका तथा न्यायपालिका तीनओटै अङ्गहरू असफल बन्दै गएकाले पार्टीले जनविरोधी निर्वाचनको सशक्त बहिष्कार गरेको भन्दै पार्टी कमिटि पहिलो चरणको कार्यक्रम अन्तगत प्रचारप्रसारको काममा लागि परेको जानकारी गराउनु भयो । सेक्रेटरी उदयले राष्ट्रियता,जनतन्त्र र जनजीविकाका समस्या थप गम्भीर र विकराल बन्दै गएका कारण संसदीय व्यवस्थाको भण्डाफोर गर्न सबै लाग्नु पर्ने धारणा राख्नु भयो ।

## यसपटक...

भोट नभई चोट दिनुपर्ने उहाँले बताउनुभयो । कार्यक्रममा क्रान्तिकारी माओवादीका का.वा. जिल्ला सेक्रेटरी समरले सुकुम्बासी भुमिहीनमा बस्तीमा पसेर धुँल्याई गर्ने स्यालहरूलाई जनताले लखेटनुपर्ने बताउनुभयो । उहाँले आश्वासनका पोको बोकेर भुटका मसिहाहरू सर्वहारावर्गको भोटलाई मोलमोलाई गरिरहेकोले प्रतिकारमा उत्रिनुपर्ने उहाँको भनाई थियो । नगर सेक्रेटरी श्यामको अध्यक्षता भएको बैठकमा नगर सदस्यहरू धनु र अमिले आफ्ना धारणा राख्नुभएको थियो ।

## नेकपा...

मन्तव्य राख्दै चन्द्रविक्रम शाहीले दस बर्षे जनयुद्ध लडेर आएको हु, विडम्बना जनयुद्धको नेतृत्वले आत्मसमर्पण र गद्दारी गरेपछि, हामी विप्लवको नेतृत्वमा काम गर्यौं, विप्लव पनि राजनैतिकरुमा पलायन, आत्मसमर्पण, र क्रान्तिलाई विसर्जन, प्रतिक्रियावादी, दलाद संसदिय कित्तामा परिणत गरेकाले अब महासचिव किरणले नेतृत्व गरेको सच्चा क्रान्तिकारी कम्युनिस्ट पार्टीमा समाहित हुन पाउँदा आफ्नै घरमा आएको अनुभुति र गौरवान्वित भएको छु । साथै यो पार्टीले क्रान्तिकारीलाई धोका दिने छैनन् भन्ने विश्वास लिएको छु भन्नुभयो ।

अर्का सहभागी विकास विष्ट कैलालीले देश र जनताको मुक्तिका खातिर छविलाल दाहालको नेतृत्वमा भएको क्रान्तिले सर्वहार वर्ग र श्रमजीवी वर्गको मुक्तिगर्न भनी होमाईएको जनयुद्धमा जनताका मुक्तीका आकांक्षालाई तुहाउदै आत्मसमर्पणवाद र विसर्जनवादमा पलाईन गरि लम्पट सर्वहारा अधिनायकवादी फिरंङ्गीहरूको टाङमुनि छिरि जनयुद्धका सम्पूर्ण उपलब्धिलाई तिलान्जलि दिदै, क्रान्तिलाई विसर्जन गरि प्रतिक्रान्तिमा रुपान्तरन गरेकोमा हामी सच्चा देश भक्त मालेमावादी प्रगतिशील क्रान्तिकारीहरूले चिहानको अस्तु समातेर पुन: देश र जनताको मुक्तिको खातिर फेरि देशमा नयाँजनवादी क्रान्ति सम्पन्न गर्न सम्पूर्ण कार्यभार हाम्रो महान तथा गौरवसालि पार्टी नेकपा ( क्रान्तिकारी माओवादी) मा एक मुठ्ठी सास रहुँन्जेलसम्म देश जनताको परिवर्तनका आन्दोलनमा लडिरहने प्रतिबद्धता गर्दै आजका मिति देखि यस पार्टीमा एकतावद्धता भएका छौ भन्नु भयो ।

उक्त पुनरमिलन कार्यक्रममा शुभकामना बधाई मन्तव्य दिदै पार्टीका केन्द्रीय सदस्य कमरेड किरणले, हरेक आन्दोलन र क्रान्तिकारी को छुट्टै पहिचान बोकेको भेरि कर्णालि राज्य हालको कर्णालि प्रदेश वास्तवमै क्रान्तिको अग्र मोर्चामा रहको भुगोल हो। वर्तमान दलाल तथा नोकरशाही पुँजिपति र सामान्त वर्गीय राज्य सत्ता तथा व्यवस्थाका विरुद्ध नयाँजनवादी राज्य सत्ता स्थापनका निम्ति विगत देखि हाल सम्म निरन्तर जन आन्दोलन र जनयुद्ध हुँदै आएका छन्। ती विशाल काहालि लाग्दा संघर्षहरूमा जनताका महान छोरा छोरिहरूले तमाम किसिमका चरम यातना भोगि शाहदत प्रप्त गरेका थए, परन्तु प्रतिक्रियावादी षडेन्त्र लवसरवाद र गद्दारिका कारण ती तमाम संघर्ष वलिदानिहरूको सारथक्ता र सफलता प्रप्त हुन सकेन ततपस्चात विसर्जनवाद र आत्म समर्पणवादका कारण क्रान्तिले प्रति क्रन्तिको रूप धारण गर्यो अत प्रतिक्रान्तिहरूलाई ससस्त्र द्धन्दमा वलिदान दिने सहिद, घाईते, अपाङ्गहरूले सराप दिने हुन कि आशिर्वाद हुन ? भविष्य ले वताउने छ ।

पार्टीका केन्द्रीय सदस्य तथा सुर्खेत जिल्ला ईन्चार्ज प्रकाशले २००६ सालमा स्थापना भएको कम्युनिस्ट पार्टी २०७९ साल सम्म आईपुग्दा युद्धको नेतृत्व कर्ता संसदवादमा पतन र सैद्धान्तिक विचलन भए पछि, हामिले क्रान्तिकारी कम्युनिस्ट पार्टी निर्माण गरेका हौं, त्यसैले कमरेडहरू एकतावद्ध हुन भएकोमा धन्यवाद छ। यो पार्टी छविलाल र वावुराम जस्ता छद्मभेषि गद्दारका कारण यो पार्टीलाई जनवादी व्यवस्था स्थापना नभए सम्म विश्राम हुन दिने छैनै, विभिन्न आरोह अवरोह पार गर्दै यहाँ सम्म आएका छौ हामी कोहि ठुलो र सानो हुने छैनै सबै समान हैसियतका साथ अगाडि वढ्ने छौ भन्नू भयो ।

पुनरमिलन कार्यक्रमका प्रमुख वक्ता पार्टीका केन्द्रीय सदस्य तथा कर्णाली प्रदेश समितिका सेक्रेटरी प्रकाशउर्जाले वर्तमान राष्ट्रिय राजनिती र राष्ट्रिय परिस्थितिको सटिक विश्लेषण गर्दै चरम संकटमा गुर्जिएको नेपालको राजनीति अवस्थ र नववदारवादी नीति संग सम्बन्धित साम्राज्यवादी र विस्तारवादको चरम हस्तक्षेपका करण देश संकटमा परेको छ मालेमावादको गौरव पुर्ण इतिहास जनआन्दोलन जनयुद्धको रक्षा र उपलब्धिलाई संस्थागत गर्न अधुरो क्रान्तिलाई पूरा गर्न घरेलु प्रतिक्रियावादी र विदेशि साम्राज्यवादीलाई प्रास्त गर्न नयाजनवादी क्रान्तिको अपरिहार्यता भएको कुरा सम्बोधनको क्रममा वताउदै आजको पुनरमिल कार्यक्रमा एकतावद्ध हुनु भएका प्रगतिशील कम्युनिस्ट क्रान्तिकारी नौजवान योद्धाहरूलाई, लड्नको लागि बाँच, वाच्नको लड! भन्ने उदगारका साथै हाम्रो सम्बन्ध चिनी पानी जस्तै हुनेछ भन्दै खादा र अविर लगाई बधाई तथा धन्यवाद दिनु भयो ।

स्वागत मन्तव्यकै क्रममा केन्द्रीय सल्लाहकार समिति सदस्य तथा सुर्खेत जिल्ला सेक्रेटरी एस वि ले चरम संकटमा परेको राज्य व्यवस्था र आक्रान्त भएका जनताको मुक्ति निम्ति जनवादी राज्य व्यवस्थको स्थापना गर्न हाम्रो पर्टी प्रतिबद्ध भएको हुदा विभिन्न पार्टीमा रहनु भएका कम्युनिस्ट क्रान्तिकारीलाई एस पार्टीमा पुनरमिलन हुन आउनु भएकोले कमरेडहरूलाई स्वगत गर्दै अधुरो क्रान्तिको कार्यभार पूर्ने जिम्मेवारी तपाईं नौजवानहरूको काँधमा भएको कुरा व्यक्त गर्नु भयो ।

उक्त कार्यक्रममा कार्यक्रमका सभा अध्यक्ष क्रान्तिकारी युवा लिग नेपालका केन्द्रीय सचिवालय सदस्य विकल्पले युवा देशका मेरुदण्ड हुन हरेक आन्दोलनमा र क्रान्तिका सम्वाहक पनि युवा नै हुन २००७, २००८, २०२८, २०३६, २०४६, २०५२ साल र २०६२/०६३ जनआन्दोलनमा पनि देशर जनताको मुक्ति र परिवर्तनका खातिर अग्र मोर्चामा रही सक्रिय सहभागीता जनाएका थिए। जसरि श्रमजीवी सर्वहारा जनताले मुक्ति र न्याय पाएनन् ठिक त्यसै गरि प्रगतिशील क्रान्तिकारी युवाहरूले पनि आफ्ना अधिकार र हक प्राप्त गरेका छैनन् , तसर्थ युवाहरू देश र जनताको निम्ति हुने आन्दोलन र क्रान्तिमा सचेत पुर्ण ढंगबाट लामबद्ध हुन आवान गर्दै, धोकेवजहरूले विसर्जन गरेको क्रान्तिलाई जनयुद्धको जगमा ससस्त्र जनविद्रोहको अधुरो क्रान्ति पूरा गर्ने कार्यवार तपाईं हामी तमाम युवाहरूको काँधमा रहेको कुरा वताउदै पार्टीको आगामि कार्य योजना र कार्यदिशालाई ससक्तरूपमा बढाउने प्रतिबद्धता व्यक्त गर्दै सभा समापन गर्नु भयो ।

## पार्टीबाट...

पश्चिम प्रदेश) का एक जना कमरेडले मलाई फोन गर्नुभयो । फोनमा उहाँले तपाईंहरूले कृष्ण गरुङलाई पि.वि.एम किन नबनाएको भनेर सोध्नु भयो । मैले उहाँ भन्दासिनियर र सक्रिय सिसिमहरू धेरै छन् । उहाँलाई कसरी पिविएममा निर्वाचित गर्न सकिन्छ भनेर मैले प्रतिप्रश्न गरे । त्यस पछि उहाँले तपाईंहरूले कृष्ण जी लाई पेल्न सम्म पेल्नु भएछ, कुनै जिम्मा पनि दिनुभएको छैन रे भनेर भन्नु भयो । मैले भने उहाँ कर्णाली प्रदेशको कमिटिमा हुनुहुन्छ । प्रदेश कमिटिले उहाँलाई दैलेख, कालिकोट, जुम्ला, हुम्ला र डोल्पा हेर्ने जिम्मा दिएको छ । उहाँले आफुले जिम्मा पाएको क्षेत्रमा काम नगर्ने, ठेक्का लिएर दार्चुलामा निजि व्यवसायमा जाने, अनि मलाई पार्टीले जिम्मा दिएन भन्न त सुहाएननि भनेर मैले भने । त्यस पछि बल्ल फोन गर्ने साथीले भन्नुभयो सुनुहोस कृष्णजी ले त यो पार्टीबाट केही हुन्न अब हामी माओवादी केन्द्रमा जानुपर्छ, मैले शक्ति बस्नेत संग च्यानल मिलाएको छु भन्दै उहाँले त हामीलाई माओवादी केन्द्रमा जान कन्भिन्स गर्दै हुनुहुन्छ । यस्ता केन्द्रीय सदस्यसँग पार्टी चनाखो बन्नु पर्ला भनेर उहाँले मलाइ भन्नुभयो । त्यस पछि मैले यो कुरा केन्द्रीय कार्यालयमा जानकारी गराए । उहाँको बारेमा अन्यत्र ठाउँबाट पनि केन्द्रीय कार्यालयमा यस्तै प्रकारका सुचना आएको कुरा मैले पनि थाहा पाए । यस प्रकारको गतिविधिको सुचाना पाए पनि केन्द्रीय समितिको बैठकमा आएको वेलामा कुरा गरौला भनेका थियौं । तर उहाँ केन्द्रीय समितिको बैठकमा आउनु भएन । केन्द्रीय समितिको बैठक लगतै उहाँहरू पार्टी छोडेर अर्को पार्टीमा जानकोलागी घनिभुत छलफलमा हुनुहुन्छ भन्ने सुचना प्राप्त भएपछि केन्द्रीय कार्यालयले उहाँलाई सम्पर्क गर्न प्रयास गर्यो । का. कृष्ण गुरुङ फोन सम्पर्कमा आउनुभयो । फोन सम्पर्कमा उहाँले अन्य पार्टीमा जानको लागि तल्ला समितिका साथीहरूलाई भनेको, शक्ति बस्नेतसंग च्यानल मिलाउन प्रयास गरेको र अहिले पनि छलफलमा रहेको कुरा स्वीकार्नु भएछ ।

कार्यालयमा आउनुहोस् छलफल गर्यौ भन्दा म त जिल्ला तिर हिडे आउन सक्दिन भन्नुभएछ । तर उहाँ जिल्ला नगएको काठमाडौंमै रहेको कुरा पछि पुष्टि भयो । उहाँको बारेमा आएको रिपोर्ट उहाँले स्वीकार्नु भयो । उहाँले स्वीकार नगरेको भए छानविन आयोग गठन गर्नुपर्ने हुन्थ्यो तर उहाँ माथि लगाइएको आरोप उहाँले स्वीकार गरेको र त्यस वारे कम्जोरी भयो भनि आत्माआलोचना नगरेको अवस्थामा पार्टी केन्द्रले कार्वाही गर्नु विधि पद्धति सम्वत नै हुन्छ ।

हाम्रो पार्टी विधानअनुसार कुनै पनि व्यक्तिले पार्टी सदस्यता प्राप्त गर्दा 'पार्टीको गोपनियता भंग गर्ने छैन । पार्टीको एकतालाई वचाउनकोलागी दृढता पुर्वक उभिने छु ।' भनेर सपथ खानु पर्छ र खान्छ । पार्टीप्रति इमान्दार सदस्यहरूले आफूले खाएको सपथलाई दृढतापूर्वक लागु गर्न प्रयत्नसिल रहन्छन् । केन्द्रीय सदस्यहरूले त त्यसलाई कैयौं उचाइबाट लागु गर्नु पर्ने हुन्छ । तर का. कृष्ण गुरुङले केन्द्रीय सदस्य भएर पनि पार्टीको गोपनीयता बचाउने, पार्टी एकतालाई सुदृढ पार्न लाग्ने होइन कि पार्टीलाई फुटाएर अर्को पार्टीमा लैजान कसरत गरेपछि त्यस प्रकारका व्यक्तिलाई पार्टीबाट निस्काशन नगरेर के गर्ने ? बरु त्यस प्रकारको व्यक्तिहरूलाई समयमै पहिचान गरेर अनुसासनको कार्वाही गर्न ढिला गर्नु कम्जोरी भएको छ ।

का. नगेन्द्र राई, का.निल बहादुर पुन र का. कुमार बोगटीले पार्टी परित्याग गरेको जानकारी दिदै संयुक्त राजिनामा दिएको कुरा सामाजिक संजालमा हाल्नु भयो । उहाँहरूले आफ्नो वक्तव्यमा पार्टीलाई विभिन्न मिथ्या आरोप त लगाउनु भएको छ तर आफ्नो कुरा के हो भन्ने कहि कतै केही उल्लेख गर्नुभएको छैन । पार्टीमा विचार सिद्धान्त र राजनीति कार्यदिशा नमिले पछि पार्टीवाट अलग हुनु अथवा आफ्नो विचार सिद्धान्त राजनीतिक कार्यदिशा मिल्ने पार्टीमा जाने कुरालाई स्वभाविक मानिन्छ । तर उनीहरूले पार्टीमा त्यस प्रकारको कुनै असमति राखेका छैनन् । हाम्रो पार्टीको राष्ट्रिय सम्मेलनले नेकपा (माओवादी केन्द्र) लाई यस प्रकार विश्लेशण गरेको छ"नव ससंशोधनवादी समुहको अर्को हिस्सा नेकपा (माके)को रूपमा परिचित रहि आएको छ । यसले एकातिर मार्क्सवाद-लेलिनवाद-माओवादलाई पद प्रदशक सिद्धान्त मानेको अभिनय गर्छ भने अर्को तिर राजनीतिक रूपमा प्रगितामी संविधान र वर्गीय रूपमा वर्तमान रूपमा दलाल एवंम नोकरशाही पुँजीपति तथा सामन्त वर्गीय प्रतिक्रियावादी राज्यसत्तालाई स्वीकार्दछ । 'यसको पनि प्रतिक्रियावादी करण भएको छ ।' (राष्ट्रिय सम्मेलनका राजनीतिक दस्तावेजहरू पृष्ठ २१)

नेकपा माओवादी केन्द्रको वारेमा राष्ट्रिय सम्मेलनले गरेको यो निर्णय अहिले सम्म पनि यथावत छ । पहिलो कुरा पार्टी छाडेर माओवादी केन्द्रमा जान प्रयत्नशिल साथीहरूको पनि यो विश्लेषणमा पुर्णत सहमति थियो । दोस्रो कुरा उहाँहरूले यो विश्लेषणलाई परिवर्तन गर्नु पर्यो भनेर कुनै बैठकमा थोस प्रस्ताव ल्याउनु भएको छैन । यसरी एकातिर नवसंसोधनवादी, प्रतिक्रियावादीकरण भएको छ भनि विश्लेषण गर्ने अर्कोतिर पदको वार्गेनिङ गरेर त्यसै पार्टीमा जान प्रयत्न गर्ने कुरा वैचारिक, राजनैतिक दिवालियापन बाहेक अर्को केही होइन । अर्थात नीति सिद्धान्तलाई पाखा लागाएर विशुद्ध व्यक्तिगत लाभको लागी पलाएन हुने कुरा हो ।

चित्त नबुझेपछि पार्टी छोडन सवैलाई स्वतन्त्रता हुन्छ । राजनीतिमा राजनीतिक कार्यादिशा नमिल्दा कहिले एउटा पार्टीमा त कहिले अर्को पार्टीमा भड्न्छ । हाम्रो पार्टीको महासचिव का. किरण र म वि.स. २०३५ साल देखी २०४२ साल सम्म करिव ७ वर्ष एउटै पार्टीको एउटै कमिटिमा थियौं । तर वि.स. २०४२ साल देखी वि.स २०७२ साल सम्म करिव ३० वर्ष हामी अलग अलग पार्टीमा भयौं । फेरी अहिले वि.स २०७२ साल देखी अहिले सम्म करिव ६ वर्ष हामी पुर्ण एउटै पार्टीको एउटै कमिटिमा छौं । तर आज पार्टी छोडेर जाने साथीहरूले आफ्नो मतभेद बैठकमा मुर्त रूपमा राख्नु त भएन नै, सामन्य फोन सम्पर्कमा सम्म आउन चाहनु भएन । का. नगेन्द्र राईले महासचिवसंग भेट्ने समय मिलाउनु भएको थियो तर भेट्ने समय भन्दा पहिले नै संयुक्त राजिनामा सार्वजनिक गर्नुभयो । का. कुमार वोगती ६महिनाको लागी विदा बस्नु भएको थियो तर विदा सकिय पछि आफै सम्पर्कमा आउनु पर्नेमा कार्यालयले सम्पर्क गर्न खोज्दा .पनि सम्पर्कमा आउनु भएन । का. निल बहादुर पुनले त कसै संग पनि फोन सस्पर्कमा आउनुभएन । तर उहाँहरूले पार्टीवाट पलाएन हुनको लागी पार्टीले थाहा नपाओस भनेर गोप्य रूपमा भेटघाट छलफल गर्दै गुदवन्दीलाई तिव्रता दिदै जानुभयो । उहाँहरूको पार्टीहित विपरित त्यस प्रकारको गतिविधिहरूको रिपोर्ट पार्टी केन्द्रमा प्राप्त भए । पार्टी अनुशासन विपरित गतिविधिहरूको रिपोर्ट पार्टी केन्द्रका प्रमाणसहित पुग्यो भन्ने थाहा पाएपछि उहाँहरुले संयुक्त राजिनामाको नाताक मन्चन गर्नुभयो । समयमा रिपोर्ट गर्ने कमेडहरूलाई सलाम छ । यस्तो गर्नुमा उहाँहरूमा विचार राजनीतिले भन्दानि आवेक, आक्रोस र लगुतावोधले काम गरेको थियो भन्ने कुरा प्रस्त हुन्छ । यस प्रकारका व्यवहार कुनै रानीतिक संस्कार होइन । यहाँ एउटा प्रशंग ल्याउदा उपयुक्त हुने ठान्दछु । राम बहादुर थापा(बादल) को नेतृत्वमा थुप्रै साथीहरू पर्टीवाट वहिरगमित हुँदा का. दाचाराज वाग्ले पनि उहाँहरू सँगै जानुभएको थियो । तर उहाँले पार्टी छोडेर जाने वेलामा आफ्नो लेखित मत् र लेवि पार्टीको महासचिव का. किरणलाई बुभाएर विदावारी हुनु भएको थियो। हामीले का. दाचाराज वाग्लेले देखाएको राजनीतिक संस्कार अपनाउन सक्नुपर्दछ ।

हामीले ध्यान दिनु पर्ने मुख्य कुरा के हो भने पार्टी सदस्यले पार्टी, क्रान्ति र श्रमिक वर्गको हितलाई केन्द्रमा राखेर काम गर्नुपर्दछ । आफ्ना व्यक्तिगत वा पारिवारिक स्वार्थलाई केन्द्रमा राखेर काम गर्ने व्यक्तिले कुनैपनि बेला पार्टीलाई धोका दिन सक्छ । कुनै पनि पार्टीम जादा नीतिलाई भन्दा पदलाई केन्द्रमा राखेर वार्गेनिङ गर्ने र अन्य पार्टीवाट हाम्रो पार्टीमा आउदा पनि नीतिमा भन्दा पदमा वार्गेनिङ पदमा वा अन्य स्वर्थिमा वार्गेनिङ गर्ने प्रविति अवसरवादी प्रविति हो । यस प्रकारको प्रवित्तिलाई निरुत्साहित गराउनुपर्दछ ।२०७९/०१/०१

## आलोपालो

### नेकपा (क्रान्तिकारी (माओवादी)को स्थानीय निर्वाचन बहिष्कार गर्नेबारे अपिल

### प्रतिक्रियावादी स्थानीय निर्वाचन बहिष्कार गरौं! नयाँ जनवादी क्रान्तिको तयारीमा जुटौं !

***आदरणीय जनसमुदाय,***

वर्तमान दलाल तथा नोकरशाही पुँजीपति र सामन्त वर्गीय राज्यसत्ता तथा व्यवस्थाका विरुद्ध नयाँ जनवादी राज्यसत्ताको स्थापनाका लागि अनेकौं जनआन्दोलन, संघर्ष र दश वर्षीय जनयुद्ध भएका छन् । यी संघर्षहरूमा विशाल संख्यामा जनताका छोराछोरीहरूले सहादत प्राप्त गरेका छन् । कैयौं राज्यद्वारा वेपत्ता पारिएका छन्, कैयौं घाइते तथा अपाङ्ग बनाइएका छन् । परन्तु, प्रतिक्रियावादी षडयन्त्र, अवसरवादीहरूका धोका तथा गद्दारीका कारण ती संघर्ष सफल हुन सकेनन् र जनमुक्तिका सपना अधुरै रहे । हालका वर्षहरूमा पनि विभिन्न जनविरोधी सरकारहरूद्वारा राष्ट्रियता, जनतन्त्र र जनजीविकाका निम्ति संघर्षमा उत्रिँदै आएका जनताका आवाज सुन्नुको सट्टा उल्टै दमनमा उत्रने काम भएका छन् । यी सबै तथ्य र यथार्थलाई आत्मसात गर्दै २०७९ साल वैशाख ३० गते हुन गइरहेको स्थानीय निर्वाचनको हाम्रो पार्टीले बहिष्कार गर्ने निर्णय गरेको छ ।

***स्थानीय निर्वाचन बहिष्कार किन ? किन भने :***

१. वर्तमान प्रतिक्रियावादी राज्यसत्ता तथा व्यवस्थाका विरुद्ध र विकल्पमा संघीय जनगणतन्त्रको स्थापनाका लागि निरन्तर संघर्ष गर्दै जान ऐतिहासिक दृष्टिले अनिवार्य बन्न गएको,
२. सिंहदरवारमा हुँदै आएको भ्रष्टाचार स्थानीय तहसम्म पुग्दै गएको,
३. सम्पूर्ण सत्ता अझै केन्द्रीकृत भएको, बन जङ्गल, जडीबुटी, भूसम्बन्ध, नदीनाला, खनिज, विकास, निर्माण, सबै क्षेत्रमा जनतालाई अधिकार र स्वायत्तता नदिइएको,
४. गत निर्वाचनहरूमा झैं यस निर्वाचनमा पनि प्रतिक्रियावादी, अवसरवादी तथा भ्रष्ट तत्वहरूद्वारा पैसाको खोलो बगाउने अवस्था देखिएको,
५. सत्ताधारी तथा सत्ताका प्रत्याशी रहिआएका तत्व तथा दलहरूद्वारा अत्यधिक रूपमा साधन स्रोतहरूको दुरूपयोग गर्ने स्पष्ट हुँदै आएको,
६. स्वच्छ तथा निष्पक्ष निर्वाचनको कुनै संभावना नरहेको र नदेखिएको,
७. अहिले संसदमा राष्ट्रघाती एमसीसी संझौता अनुमोदन गर्ने काममा लागेका प्रतिक्रियावादी तथा कम्युनिस्ट नामधारी दक्षिणपन्थी संशोधनवादी तत्वहरूको अझै भण्डाफोर गर्न अति जरुरी भएको र
८. वर्तमान राज्यसत्ताका कार्यपालिका, व्यवस्थापिका तथा न्यायपालिका तीनओटै अङ्ग असफल बन्दै गए पनि राज्यसत्ता नोकरशाही संयन्त्रको बलमा टिकिरहेकोले

हाम्रो पार्टी जनविरोधी स्थानीय निर्वाचनको सक्रिय बहिष्कार गर्न एकदमै सही र उपयुक्त ठान्दछ ।

***परिवर्तनकामी जनसमुदाय,***

राष्ट्रियता, जनतन्त्र, र जनजीविकाका समस्या झनै गम्भीर र विकराल बन्दै आएका छन् । लिम्पियाधुरा, कालापानी, लिपुलेकका साथै सुस्ता सहितका देशका भूभागमा भारतीय विस्तारवादको अतिक्रमण तथा हस्तक्षेप भएकोमा सत्ताधारीहरू मौन बनेर बसेका छन् । मजदुर, किसान, महिला, दलित, आदिवासी जनजाति, मधेशी मुस्लिम र पिछडिएको क्षेत्रका जनताका जनतान्त्रिक हक अधिकार र जनजीविकाका समस्याहरूको समाधान तर्फ कुनै ध्यान दिइएको छैन । महङ्गी चरम बन्दै गएको छ । देशको अर्थतन्त्र साम्राज्यवादी नवउदारवाद र भारतीय विस्तारवादको चङ्गुलमा परेको छ । यस स्थितिमा देश र जनताको हित, मुक्ति र अधिकार प्राप्तिका लागि निरन्तर संघर्ष गर्दै जान अपरिहार्य बन्न गएको छ ।

तसर्थ, हाम्रो पार्टी आगामी वैशाख ३० गते हुन गइरहेको स्थानीय निर्वाचनको सशक्त रूपमा बहिष्कार गर्न र बहिष्कार आन्दोलनलाई सफल तुल्याउनका लागि सम्पूर्ण जनसमुदायमा विनम्रतापूर्वक हार्दिक अपिल गर्दछ ।

***हाम्रा नाराहरु :***

- कथित स्थानीय निर्वाचन बहिष्कार गरौं !
- राष्ट्रघाती एमसीसी सम्झौता – खारेज गर !
- भारतद्वारा अतिक्रमित कालापानी सहितका भूभाग – मुक्त गरौं !
- संघीय जनगणतन्त्र – स्थापना गरौं !
- नयाँ जनवादी क्रान्ति – जिन्दावाद !
- मार्क्सवाद-लेनिनवाद-माओवाद – जिन्दावाद !
- प्रतिक्रियावादी राज्यसत्ता र व्यवस्था – मुर्दावाद !
- भारतीय विस्तारवाद, अमेरिकी साम्राज्यवाद, दक्षिणपन्थी संशोधनवाद – मूर्दावाद !
- वीर सहिदहरू – लालसलाम !
- ने.क.पा.(क्रान्तिकारी माओवादी) – जिन्दावाद !

*मिति : २०७८ चैत्र १३*

*केन्द्रीय समिति*
*नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)*

# नेकपा (क्रान्तिकारी माओवादी) मा अविचलित रुपमा आबद्ध रहेको जानकारी गराउँदै कोही भ्रममा नपर्न सम्बन्धित सबैलाई आग्रह

## लिसबहादुर बिक, शान्ति पुन, लिला बिक, भीमकुमारी हुक र छलिमाया बिक नेकपा (क्रान्तिकारी माओवादी) मा प्रवेश

बागलुङ । बागलुङ, ताराखोला गाउँपालिका वडा नं. १ बाख्रापालनको समापन कार्यक्रममा गाउँपालिका उपाध्यक्ष र वडा नं १ सदस्यले सम्मान गर्ने भनी झुक्याएर अबिर र खादा लगाएर माओवादी केन्द्रमा प्रबेस गराएका नेकपा (क्रान्तिकारी माओवादी) का इमान्दार कार्यकर्ताहरू मनु गुरूंग, टीका गुरूंग, कमला बिक, मनकुमारी गुरूग र हीरासिंह छन्त्यालले चैत ३० गते संयुक्त प्रेस बिणप्ति जारी गरी आफुहरू आंफ्नै माऊ पार्टी नेकपा (क्रान्तिकारी माओवादी) मा अबिचलित



रूपमा आबध्द रहेकोजानकारी गराउदै कोही भ्रममा नपर्न सम्बन्धित सबैलाई आग्रह गरेका छन ।

सोही दिन एक समारोहबिच वडा नं १ लिसबहादुर बिक, शान्ति पुन, लिला बिक, भीमकुमारी हुक र छलिमाया बिक नेकपा (क्रान्तिकारी माओवादी) मा प्रवेस गरेका छन् । नवप्रबेसीहरूलाई पार्टी केन्द्रीय सल्लाहकार समितिका सल्लाहकार क. अमृत घर्ति मगर (प्रभास) ले अबिर लगाएर स्वागत गर्नु भयो ।


## नयाँ बर्ष २०७९ को अवसरमा सम्पूर्ण नगरवासी तथा परिवारहरूमा सुख, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना !

जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं
**व्यक्तिगत दर्ता कहाँ गर्ने ?**
जन्म, मृत्यु, विवाह,बसाईसराई, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको ३५ दिन भित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जीकाधिकारी कहाँ गई दर्ता गराउनु हुन अनुरोध गरिन्छ ।

**नारायणबहादुर सुवेदी**
अध्यक्ष
**गोकर्णेश्वर नगरपालिका वडा नं. ५ परिवार**
गोकर्णेश्वर, काठमाडौं

## हावाहुरीबाट बचौं र बचाऔं

**हावाहुरीबाट हुने क्षति कम गर्न पूर्वतयारी एवं सतर्कता अपनाऔं**

- घरको संरचना बलियो बनाऔं,
- छानालाई राम्ररी हुक तथा तारले कसरे बाधौं,
- जस्तापातालगायतका वस्तुहरू खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छतमा गमला सुरक्षित रूपमा राखौं,

नेपाल सरकार
**विज्ञापन बोर्ड**



## साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड द्वारा प्रवर्द्धित STC ग्याँस
## तौल पूर्ण, सुरक्षा सम्पूर्ण

- ISI स्टाण्डर्डको भित्र बाहिर रबर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुन: प्रयोग गर्न नसकिने प्लास्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्रविधिबाट चल्ने प्लान्ट, तौलमा सोहै आना ढुक्क हुनुहोस्

**मेट्रो काठमाडौं ग्या...स इण्डस्ट्रिज लिमिटेड**
जुंगेखोला धादिङ्ग
सम्पर्क कार्यालय कालिमाटी, काठमाडौं,
फोन नं. ४२८६८१६, सनाईज बैंक रहेको भवनको माथिल्लो तल्ला
ईमेल: metro@stcnepal.com



साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरू


**प्रकाशक** : वर्गदृस्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।